मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक ७८ • २०८१ साल माघ १४ गते सोमबार • Monday 27, January 2025 • सूर्योदय: बिहान ६:५३ बजे • सूर्यास्त: साँझ ५:४३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## चैतमा जसपाको संघीय परिषद्

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) को संघीय परिषद्को भेला आगामी चैतमा हुने भएको छ । आइतबार वीरगंजमा सम्पन्न जसपाको केन्द्रीय समितिको दुईदिने बैठकले आगामी चैतमा संघीय राजधानी काठमाडौँमा संघीय परिषद्को भेला गर्ने निर्णय गरेको जसपाका उपमहासचिव प्रदीप यादवले जानकारी दिए ।

बैठकमा अध्यक्ष अशोक राईले पेस गरेका राजनीतिक प्रतिवेदन सर्वसम्मत पारित गर्दै संघीय परिषद् भेला चैतमा काठमाडौँमा गर्ने निर्णय गरेको हो । संघीय परिषद भेला भन्दा पहिले नै पार्टीको जिल्ला र प्रदेश समितिलाई पूर्णता दिने निर्णय पनि बैठकले गरेको छ । यस्तै बैठकमा सत्तारुढ दल र सरकारले भन्दै आएको संविधान संशोधनका एजेण्डामा पनि छलफल र चर्चा भएको बैठकमा सहभागी जसपाका केन्द्रीय सदस्यसमेत रहेका वीरगंज महानगरका मेयर राजेशमान सिंहले जानकारी दिए ।

केन्द्रीय अध्यक्ष राईको अध्यक्षतामा बसेको बैठकमा संघीय परिषद अध्यक्ष राजेन्द्र श्रेष्ठ, सहअध्यक्ष रेणुकुमारी यादव, उपाध्यक्ष सुशीला श्रेष्ठ, उपाध्यक्ष तथा मन्त्री नवलकिशोर साह सुडी, उपाध्यक्ष रणध्वज लिम्बु, महासचिव मोहम्मद इश्तियाक राई, उपमहासचिव तथा मन्त्री प्रदीप यादव, सचिव वीरेन्द्र महतो, कोषाध्यक्ष रञ्जु झाका साथै केन्द्रीय सदस्यहरुको सहभागिता थियो ।

# मधेश सरकारको निरासाजनक बजेट खर्च




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा निर्माण हुने हरेक सरकारले संघीय सरकारले मधेश प्रदेशलाई बजेट दिँदा भेदभाव गर्ने गरेको बताइरहेको अवस्थामा मधेश प्रदेशमा भने भएकै बजेट सरकारले खर्च गर्न सकिरहेको छैन । विभिन्न समस्या र कारण देखाउँदै बजेट खर्च खर्च गर्न नसकेको हो । दोश्रो त्रैमास बितिसक्दा पनि मधेश प्रदेश सरकारको विकासे बजेट खर्च निराशाजनक छ ।

आर्थिक वर्ष २०८१–८२ को पुस मसान्तसम्म अर्थात् ६ महिनामा मात्र ५.८३ प्रतिशत बजेट खर्च भएको छ । मधेश सरकारले चालुतर्फ १५ अर्ब ३५ करोड ९१ लाख ४१ हजार रुपैयाँ र पुँजीगततर्फ २६ अर्ब ५७ करोड ४६ लाख ७९ हजार रुपैयाँ सहित ४१ अर्ब ९३ करोड ३८ लाख २० हजार रुपैयाँको बजेट ल्याएको थियो । दोश्रो त्रैमासिकसम्म बजेटको ५.८३ प्रतिशत अर्थात २ अर्ब ४४ करोड ६० लाख रुपैयाँ खर्च गरेको छ । पुँजीगत बजेटको १.३३ प्रतिशत र चालुतर्फ १३.५३ प्रतिशत मात्र खर्च भएको प्रदेश तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार ६ महिनाका अवधिमा मुख्यमन्त्री कार्यालयको ४ करोड ७५ लाख रुपैयाँ, अर्थ मन्त्रालयले ४ करोड ५ लाख रुपैयाँ, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ७ करोड ९९ लाख रुपैयाँ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १५ करोड ५२ लाख रुपैयाँ, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले २८ करोड ८६ लाख रुपैयाँ, गृह, सञ्चार तथा कानून मन्त्रालयले ३ करोड ४८ लाख रुपैयाँ, वन तथा वातावरण मन्त्रालयले ३८ करोड ३ लाख रुपैयाँ खर्च गरेको छ ।

यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयले २४ करोड ८४ लाख रुपैयाँ, शिक्षा तथा संस्कृति मन्त्रालयले १८ करोड १२ लाख रुपैयाँ, श्रम तथा यातायात मन्त्रालयले ७ करोड ८३ लाख रुपैयाँ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ५७ करोड ६१ लाख रुपैयाँ बजेट खर्च गरेको छ ।

कार्यालयका अनुसार प्रतिशतका आधारमा मुख्यमन्त्री कार्यालयको ८.९६ प्रतिशत, अर्थ मन्त्रालयको १७.०६, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको २.६८, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ५.५६, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको ५.४९, गृह, सञ्चार तथा कानून मन्त्रालयको ४.४९, वन तथा वातावरण मन्त्रालयको १५.६८, भौतिक पूर्वाधार विकास मन्त्रालयको १.८८, शिक्षा तथा संस्कृति मन्त्रालयको ६.१८, श्रम तथा यातायात मन्त्रालयको ७.८३ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ११.०४ प्रतिशत बजेट खर्च भएको छ ।

जनमत पार्टीले मधेश प्रदेशमा बजेट खरिद बिक्री हुँदै आएको पटकपटक आरोप लगाउँदै आएको थियो । त्यसलाई रोक्न जनमत नेतृत्वकै सरकारले उपभोक्ता समितिमार्फत योजना सञ्चालन नगराएर टेन्डरमार्फत गराउने गरी आर्थिक कार्यविधि बनाएको थियो । टेन्डरमै काम गराउने भनेर सरकारले बजेटमै राखेपछि सोहीअनुसारको खर्च निर्देशिकासमेत बनाएको थियो ।

तर त्यसको कारण देखाउँदै सरकारले अहिलेसम्म खर्च हुन नसकेको जनाइरहेको छ । जसलाई फुकाउन टेन्डरका साथै उपभोक्ताबाट नै काम गराउने प्रदेश सभाबाट संकल्प प्रस्ताव नै पारित गरेर बजेट खर्चको प्रक्रिया संशोधन गरेको छ ।

पूर्वअर्थमन्त्री भरत प्रसाद साहले विगतमा सरकारमा सहभागी रहेको हरेक दलको सहमतिमै उपभोक्ता समितिबाट काम गराउने कार्यलाई हटाइएको थियो । तर त्यसैलाई कारण देखाउँदै बजेट खर्च हुन नसकेको भन्नु तर्क संगत नभएको बताए ।

जसपा नेपालका सचेतक रामअशिष यादवले समेत सरकारको कमीकमजोरीका कारण बजेट खर्च हुन नसकेको बताए । उनले भने, 'सरकार आफैँले कमजोरी गरेका कारण बजेट आएको सात महिनासम्म खर्च गर्न सकेन, अहिले संकल्प प्रस्ताव पारित गरेर संशोधन गरिएको छ, अब हेरौँ ।' मधेश प्रदेश सरकारमा हरेक वर्ष बजेट खर्चको अवस्था सन्तोषजनक देखिदैँन ।

## कुन निकायमा कति खर्च ?

**प्रदेश सभा सचिवालयः**
कुल बजेटः ४८ करोड ३५ लाख रुपैयाँ
खर्चः १३ करोड ७ लाख ६७ हजार ९ सय ५३ रुपैयाँ
चालुतर्फ १३ करोड ७ लाख २५ हजार ५ सय ७८ अर्थात ३४.५४ र पूँजीगततर्फ ४२ हजार ३ सय ७५ अर्थात ०.०४ प्रतिशत

**मुख्यमन्त्री कार्यालयः**
कुल बजेटः ५३ करोड ८ लाख ५३ हजार रुपैयाँ
खर्चः ४ करोड ७५ लाख ६७ हजार ५ सय २३ रुपैयाँ
चालुतर्फ ४ करोड ६९ लाख ९६ हजार ५७ अर्थात १०.७५ र पूँजीगततर्फ ५ लाख ७१ हजार ४६६ अर्थात ०.६१ प्रतिशत

**अर्थ मन्त्रालयः**
कुल बजेटः २३ करोड ७४ लाख ३५ हजार रुपैयाँ
खर्चः ४ करोड ५ लाख १४ हजार ५ सय ६४ रुपैयाँ
चालुतर्फ ३ करोड ८९ लाख ८० हजार १ सय ९२ रुपैयाँ अर्थात १८.३९ र पूँजीगततर्फ १५ लाख ३४ हजार ३ सय ७२ रुपैयाँ अर्थात ६.०४ प्रतिशत

**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयः**
कुल बजेटः २ अर्ब ९८ करोड ५८ लाख २२ हजार रुपैयाँ
खर्चः ७ करोड ९९ लाख ६२ हजार १ सय ५१ रुपैयाँ
चालुतर्फ ६ करोड ५६ लाख २० हजार ३ सय ७९ अर्थात १९.११ र पूँजीगततर्फ १ करोड ४३ लाख ४१ हजार ७ सय ७२ रुपैयाँ अर्थात ०.५४ प्रतिशत

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः**
कुल बजेटः २ अर्ब ७९ करोड १९ लाख रुपैयाँ
खर्चः १५ करोड ५२ लाख ८४ हजार ९ सय ६८ रुपैयाँ
चालुतर्फ १४ करोड ९८ लाख २८ हजार ८ सय ३४ रुपैयाँ अर्थात ५.८४ प्रतिशत र पूँजीगततर्फ ५४ लाख ५६ हजार ३४ रुपैयाँ अर्थात २.४३ प्रतिशत

**ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयः**
कुल बजेटः ५ अर्ब २५ करोड ९६ लाख २२ हजार रुपैयाँ
खर्चः २८ करोड ८६ लाख ६ हजार ८ सय ४ रुपैयाँ
चालुतर्फ १० करोड ४७ लाख ३३ हजार ८३ रुपैयाँ अर्थात २४.१८ प्रतिशत र पूँजीगततर्फ १८ करोड ३८ लाख ७३ हजार ७ सय २१ अर्थात ३.८१ प्रतिशत

**गृह, सञ्चार तथा कानून मन्त्रालयः**
कुल बजेटः ७७ करोड ५७ लाख ४ हजार रुपैयाँ
खर्चः ३ करोड ४८ लाख ४३ हजार ६ सय १० रुपैयाँ
चालुतर्फ ३ करोड ४४ लाख २९ हजार ८ सय ७४ रुपैयाँ अर्थात १२.२२ प्रतिशत र पूँजीगततर्फ ४ लाख १३ हजार ७ सय ३६ रुपैयाँ अर्थात ०.०८ प्रतिशत

**वन तथा वातावरण मन्त्रालयः**
कुल बजेटः २ अर्ब ४२ करोड ६० लाख २५ हजार रुपैयाँ
खर्चः ३८ करोड ३ लाख ४२ हजार ५ सय २४ रुपैयाँ
चालुतर्फ ३३ करोड ५१ लाख ३३ हजार ३ सय ५२ रुपैयाँ अर्थात् २६.३८ प्रतिशत र पूँजीगततर्फ ४ करोड ५२ लाख ९ हजार १ सय ७२ रुपैयाँ अर्थात ३.९१ प्रतिशत

**भौतिक पूर्वाधार विकास मन्त्रालयः**
कुल बजेटः १३ अर्ब २१ करोड २० लाख ९० हजार ४ सय १२ रुपैयाँ
खर्चः २४ करोड ८४ लाख ९८ हजार ७ सय ९७ रुपैयाँ
चालुतर्फ १५ करोड १ लाख ९५ हजार ७ सय ६८ रुपैयाँ अर्थात ३५.२४ र पूँजीगततर्फ ९ करोड ८३ लाख ३ हजार २९ रुपैयाँ अर्थात ०.७७ प्रतिशत

**शिक्षा तथा संस्कृति मन्त्रालयः**
कुल बजेटः २ अर्ब ९३ करोड ४८ लाख १४ हजार ४ सय ४० रुपैयाँ
खर्चः १८ करोड १२ लाख ६५ हजार ९ सय ३४ रुपैयाँ
चालुतर्फ १६ करोड ९१ लाख ९२ हजार ६०५ रुपैयाँ अर्थात १४.३८ प्रतिशत र पूँजीगततर्फ १ करोड २० लाख ७३ हजार ३२९ अर्थात ०.६९ प्रतिशत

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः**
कुल बजेटः ५ अर्ब २१ करोड ६७ लाख ५२ हजार रुपैयाँ
खर्चः ५७ करोड ६१ लाख १९ हजार ८ सय ३५ रुपैयाँ
चालुतर्फ ५७ करोड ५७ लाख १९ हजार ५ सय रुपैयाँ अर्थात १६.६३ प्रतिशत र पूँजीगततर्फ ४ लाख ३ सय ३५ रुपैयाँ अर्थात ०.०२ प्रतिशत

**श्रम तथा यातायात मन्त्रालयः**
कुल बजेटः ९९ करोड ९७ लाख ४८ हजार रुपैयाँ
खर्चः ७ करोड ८३ लाख २८ हजार ८ सय ९७ रुपैयाँ
चालुतर्फ ७ करोड ४४ लाख २३ हजार ६ सय १२ रुपैयाँ अर्थात ११.४५ प्रतिशत र पूँजीगततर्फ ३९ लाख ५ हजार २ सय ८५ रुपैयाँ अर्थात १.१२ प्रतिशत

**प्रदेश लोक सेवा आयोगः**
कुल बजेटः १२ करोड २६ लाख ३१ हजार रुपैयाँ
खर्चः २ करोड २४ लाख १ हजार ५ सय ७५ रुपैयाँ
चालुतर्फ २ करोड १२ लाख ४२ हजार ८ सय ८६ रुपैयाँ अर्थात २२.०९ प्रतिशत र पूँजीगततर्फ ११ लाख ५८ हजार ५ सय ७९ अर्थात ४.३८ प्रतिशत

**मुख्य न्यायाधिवक्ताको कार्यालयः**
कुल बजेटः ३ करोड ४२ लाख रुपैयाँ
खर्चः ८९ लाख ९१ हजार ४ सय ६७ रुपैयाँ
चालुतर्फ ८२ लाख ६५ हजार ६ सय ११ अर्थात २७.३७ र पूँजीगततर्फ ७ लाख २५ हजार ८ सय ५६ अर्थात १८.१५ प्रतिशत

**प्रदेश नीति तथा योजना आयोगः**
कुल बजेटः ५ करोड रुपैयाँ
खर्चः ८७ लाख ६५ हजार ७ सय ४ रुपैयाँ
चालुतर्फ ८७ लाख ६५ हजार ७ सय ४ रुपैयाँ अर्थात १७.५३ प्रतिशत

**१३६ स्थानीय तहः**
कुल बजेटः ३ अर्ब ८ करोड १३ लाख ४ हजार रुपैयाँ
खर्चः १६ करोड ३७ लाख ७८ हजार ३ सय ५० रुपैयाँ
१६ करोड ३७ लाख ७८ हजार ३ सय ५० रुपैयाँ अर्थात ५.३२ प्रतिशत

# भव्यताका साथ मनाइयो ७६ औँ गणतन्त्र दिवस




**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको ७६औँ गणतन्त्र दिवस वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासमा विभिन्न कार्यक्रम गरी भव्यताका साथ मनाइएको छ । भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मीनाले भारतको झण्डा फहराउँदै भारतीय राष्ट्रपति द्रौपदी मुर्मुद्वारा पठाइएको सन्देश वाचन गरेका थिए ।

कार्यक्रममा भारतको रक्सौल र नेपालको वीरगंजका विभिन्न विद्यालयका विद्यार्थीले देशभक्तिपूर्ण गीत र नृत्य प्रदर्शन गरेका थिए । वीरगंजका ११ विद्यालय र कलेजका एकसय भन्दा बढी विद्यार्थीले भारतीय देशभक्तिपूर्ण गीत र नृत्य प्रस्तुत गरेका थिए । भारत सरकारको विदेश मन्त्रालयद्वारा ११ नोभेम्बर देखि ११ डिसेम्बर २०२४ सम्म आयोजित पाँचौँ 'भारतको जानिए' क्विजका विजेता तथा गणतन्त्र दिवसको पूर्वसन्ध्यामा वाणिज्य दूतावासद्वारा आयोजित चित्रकला प्रतियोगिताका विजेतालाई सम्मान गरिएको थियो । महावाणिज्यदूत मीनाले विद्यार्थीलाई प्रमाणपत्र र मोमेन्टो प्रदान गरे ।




कार्यक्रम सञ्चालन काउन्सिलर मनीष दासले गरेका थिए । कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कुमोद ढुंगेल, सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गणका सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्र धामी, बारा र पर्साका स्थानीय राजनीतिक दलका नेता, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, नेपाल–भारत मैत्री संघका सदस्य र सञ्चारकर्मीको उपस्थिति थियो । गणतन्त्र दिवसका अवसरमा आयोजित कार्यक्रमले भारत र नेपालको सीमावर्ती क्षेत्रका नागरिकबीचको सम्बन्ध थप प्रगाढ बनाएको महावाणिज्य दूतावासले विश्वास व्यक्त गरेको छ ।






# बृहत्तरमा नयाँ कार्यकारी निर्देशक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बृहत्तर जनकपुर क्षेत्र विकास परिषदमा नयाँ कार्यकारी निर्देशक नियुक्त भएका छन् । विगत दुई वर्षदेखि रिक्त कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धाबाट परिषदको ऐनको दफा १७ (१)बमोजिम चार वर्षका लागि कार्यकारी निर्देशकमा वैद्यनाथ पासवान नियुक्त भएका हुन् ।
अब बृहत्तर जनकपुरको विभिन्न किसिमका कानुनी झमेला निराकरण हुने विश्वास लिइएको छ । पासवान महोत्तरीको महोत्तरी गाउँपालिका वडा नम्बर १ का निवासी हुन् । उनलाई अध्यक्ष शितल साहले बधाई तथा स्वागत गरेका छन् ।

# निःशुल्क तयारी कक्षा, विद्यार्थीलाई दिवा खाजा

**सञ्जय मिश्रा**
**रौतहट ।**
सरकारले विद्यार्थीलाई नियमित पढाइ गराउन गरेको व्यवस्थाअन्तर्गत दिवा खाजाको रकममा भ्रष्टाचार भइरहेको पटकपटक समाचार आइरहने रौतहटमा एउटा सामुदायिक विद्यालयले भने छुट्टै पहिचान कायम गर्न सफल भएको छ ।
कटहरिया नगरपालिका–७ स्थित मावि बगहीले विद्यार्थीलाई दिवा खाजा ख्वाउन सम्भवतः जिल्लामै अब्बल देखिएको छ । वडा नम्बर ७ का अध्यक्ष महमद सहिद मियाँ धोबी र प्रधानाध्यापक सरोज कुमार साहको सक्रियतामा विद्यालयमा कक्षा १० का विद्यार्थीका लागि निःशुल्क एसइइ तयारी कक्षा सञ्चालन गरिएको छ । विद्यालयको निजी आम्दानी हुने कुनै स्रोत नभए पनि वडा अध्यक्ष धोबीले विकास बजेटबाट दिने गरेको रकमबाट विद्यालय सञ्चालनमा टेवा पुगेको छ ।
मावि बगहीमा तल्लो कक्षामा अध्ययनरत विद्यार्थीलाई प्रत्येक दिन परिकार परिवर्तन गरेर दिवा खाजा दिने गरिन्छ । शिशु कक्षादेखि कक्षा ५ सम्मका ४ सय ५५ विद्यार्थीलाई सातामा आइतबार खिर, सोमबार कुखुराको मासु चिउरा वा उसिनेको अण्डा, मंगलबार मौसमअनुसारको फलफूल, बुधबार पकाइएको चनाचिउरा, बिहीबार हलुवा र शुक्रबार खिचडी दिवा खाजाका रुपमा दिने गरिएको प्रधानाध्याक साहले बताए । जबकि कटहरिया नगरपालिकाको अन्य विद्यालयले दिवा खाजामा प्याकेटको चलानी नास्ता दिने गरेका छन् । कक्षा १० मा अध्ययनरत ४५ विद्यार्थीलाई भदौदेखि निःशुल्क एसइइ परीक्षाको तयारी कक्षा सञ्चालन गरिएको प्रधानाध्यापक साहले बताए ।
तीन विषयको तयारीका लागि सञ्चालन गरिएको कक्षामा अध्यापन गराउने ३ शिक्षकमध्ये २ जनाको पारिश्रमिक प्रधानाध्यापक साहले व्यक्तिगत दिँदै आएको पूर्व प्रअ नवलाकिशोर ठाकुरले बताए । विद्यालयमा कार्यरत निजी स्रोतका ७ शिक्षकको तलबका लागि वडा अध्यक्ष धोबीले वडाको सिलिङबाट मासिक १ लाख रुपैयाँ दिँदै आएको शिक्षक नागेन्द्र राउतले जानकारी दिए । मावि बगहीमा सम्भवतः जिल्लामै सबै विद्यालय भन्दा कम शुल्क लिने गरिएको छ । प्लस २ कक्षामा पाठ्यपुस्तकसहित वार्षिक ३ हजार ५ सय रुपैयाँ मात्र शुल्क लिने गरिन्छ । त्यतिमात्र नभई विद्यालयमा आर्थिक कारोबार पूर्ण डिजिटल अर्थात बैङ्किङ प्रक्रियामा हुने गरेको छ । विद्यालयमा शिशु कक्षादेखि कक्षा १२ सम्ममा ८ सय ८१ विद्यार्थी अध्ययनरत छन् भने ३ जना निजीस्रोतसहित १५ शिक्षक कार्यरत छन् ।
यति राम्रो तरिकाले विद्यालय सञ्चालन गर्दा पनि अन्य विद्यालयमा निजीस्रोतको शिक्षक दिने कटहरिया नगरपालिकाले मावि बगहीलाई सधैँ अपेक्षा गर्दै आएको कार्यरत शिक्षकहरुले दुःखेसो छ ।

# स्केटिङ हाउसमा नगरपालिकाको ताला



**मधेशदृष्टि**
**रौतहट ।**
पूर्व पश्चिम राजमार्गसँग जोडिएको चन्द्रनिगाहपुरस्थित चन्द्रपुर स्केट पार्क स्केटिङ् हाउसमा चन्द्रपुर नगरपालिकाले तालाबन्दी गरेको छ । उपमेयर जयमाला चौधरी र चन्द्रपुर नगरपालिका वडा नम्बर ४ र नगरस्तरीय बाल सञ्जालका प्रतिनिधिसहितको संयुक्त अनुगमन टोलीले आइतबार बिहान स्केटिङ् पार्कमा तालाबन्दी गरेको हो ।
स्केटिङ् पार्कमा ससाना बालबालिकालाई श्रम गराइएको, दर्ता नभई चर्को शुल्क लिएर सञ्चालन गरेका कारण तालाबन्दी गरिएको उपमेयर चौधरीले बताइन् । सुरक्षाका दृष्टिकोणले उच्च जोखिम रहेकाले पार्कले ठूलो दुर्घटना निम्त्याउने खतरा रहेको उनको दाबी छ ।
चन्द्रपुर–४ स्थित बञ्जारा कम्प्लेक्समा रहेको स्केटिङ् हाउसका सञ्चालकद्वय प्रेम चौधरी र अनिकित राई दासलाई नगरपालिकाको कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको छ । स्केटिङ् हाउसमा बालश्रम गराइरहेको गुनासोका आधारमा आइतबार अनुगमन गरिएको हो ।

# वार्ता र संवादबाट समस्या समाधान गर्न आयोगको आग्रह

**काठमाडौँ ।**
राष्ट्रिय मानव अधिकार आयोगले ताप्लेजुङको फुङलिङ नगरपालिका–११ पाथीभरा क्षेत्रमा केबलकार बनाउने विषयलाई लिएर भएको विवाद वार्ता र संवादका माध्यमबाट समाधान गर्न आग्रह गरेको छ ।
आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा प्रदर्शनलाई शान्तिपूर्ण बनाउन प्रदर्शनरत पक्षलाई अनुरोध गर्दै यस्तो आग्रह गरेको हो । ‘विकास निर्माणका क्रममा आउन सक्ने यस प्रकारका असहमति र विवादको समयमै पहिचान तथा सम्बोधन गर्न, विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न जरुरी छ,’ विज्ञप्तिमा भनिएको छ, ‘झडपका क्रममा घाइते व्यक्तिको निःशुल्क र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था गर्नु, एकापसमा देखिएका विवाद तथा असहमतिलाई सार्थक वार्ता र संवादका माध्यमबाट समाधान गर्न आयोग नेपाल सरकारलगायत सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।’
फुङलिङ–११ पाथीभरा क्षेत्रमा केबलकार बनाउने विषयलाई लिएर माघ १२ गते भएको विवादका क्रममा सुरक्षाकर्मी र स्थानीय प्रदर्शनकारीबीच झडप हुँदा प्रदर्शनकारी र सुरक्षाकर्मी दुवैतर्फ घाइते भएका थिए ।
घटनाको आयोगको कोशी प्रदेश कार्यालयले अनुगमन गरिरहेको र यसअघि आयोगले २०८१ मङ्सिर २ देखि ८ गतेसम्म स्थलगत अनुगमन गरी वार्ता तथा सहमतिपश्चात् मात्र निर्माण कार्य अगाडि बढाउन सुझाव दिएको आयोगले जनाएको छ ।
आयोगले विकासको अधिकारसँगै नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय अधिकारको संरक्षण र संवद्र्धनको सुनिश्चितता गर्नु राज्यको दायित्व हुने उल्लेख गरेको छ । स्थानीय आदिवासी समुदायले पाथीभरा क्षेत्र स्थानीय लिम्बू–याक्थुङ समुदायको सांस्कृतिक एवम् आध्यात्मिक विश्वासको केन्द्र रहेको हुँदा यसको ऐतिहासिक नाम मुक्कुमलुङ नै राख्नुपर्ने, केबलकार निर्माण कार्य बन्द गर्नुपर्ने, विकास निर्माणका कार्य गर्दा आदिवासी समुदायबाट अग्रिम जानकारीसहितको स्वतन्त्र, सुसूचित सहमति लिनुपर्नेजस्ता मागसहित आयोगमा ज्ञापनपत्र बुझाएको थियो ।

# कोशी प्रदेशसभाः अध्यादेश स्वीकृत

**विराटनगर ।**
कोशी प्रदेशसभाको आइतबारको बैठकमा ‘केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश,२०८१’ स्वीकृतसम्बन्धी प्रस्ताव सर्वसम्मतले पारित भएको छ । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री रेवतीरमण भण्डारीले प्रस्ताव स्वीकृतिका लागि सदनमा पेस गर्दा सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गरेका थिए । यसका साथै मन्त्री भण्डारीले सदनमा विभिन्न समयमा उठेका विषयमा धारणा राखेका थिए । उनले प्रदेश सरकारले प्रहरी समायोजनका विषयमा सङ्घीय सरकारसँग पहल गरिरहेको बताए । उनले शनिबार ताप्लेजुङको बल्लुमा भएको घटनामा २० जना सुरक्षाकर्मी घाइते भएका जानकारी दिए । ‘प्रहरीमाथि आक्रमण हुनसक्ने जानकारी पाएको प्रहरीले सुरक्षा सतर्कता अपनाउँदा पनि आवश्यक जाँचका क्रममा आक्रमण भयो । त्यस क्रममा २० जना घाइते भए । सातजना अहिले पनि उपचारकै क्रममा छन् । पाथीभरा र मुकलुङ क्षेत्रमा केवलकार निर्माण हुनुपर्ने र हुनुहुँदैन भन्ने पक्षबीचको तनावले सो घटना भएको हो । सरकारले विकास निर्माणमा अवरोध गर्नु देशलाई पछाडि धकेल्नु हो भन्ने मान्यतासहित वार्ताबाट समस्या समाधान गर्न चाहेको छ,’ उनले भने । बैठकमा उद्योग, कृषि सहकारीमन्त्री खगेनसिं हाङ्गामले ‘प्रदेश बीउबिजनसम्बन्धी व्यवस्थापन गर्न बनेको विधेयक’ विचार गरियोस् भनी पेस गरेका प्रस्तावसमेत सर्वसम्मतले पारित भई त्यसमाथि सैद्धान्तिक छलफल शुरु भएको छ । सैद्धान्तिक छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै बालीनालीमा लाग्ने रोग र कीराको पहिचान गरी विषादी प्रयोग गर्न विधेयकले मदत गर्ने बताए । उनले विधेयकले विषादीको आयात, बिक्री–वितरण, प्रयोग, भण्डारण, नवीकरणजस्ता विषयलाई व्यवस्थित गर्नाका साथै नियमन गर्न पनि सहयोग पुग्ने विश्वास व्यक्त गरे ।
सैद्धान्तिक छलफलमा कोशी प्रदेशसभा सदस्य कमल दर्नाल, रामदेव यादव, छविलाल चुडाल र गोपाल तामाङले यो विधेयकको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनीहरूले स्वदेशमै गुणस्तरीय बीउ उत्पादन गर्न, किसानलाई उन्नत जातका बीउ उपलब्ध गराउन, बीउको भण्डारण, प्रशोधन र बिक्री वितरण गर्न पनि सहयोग पुग्ने आशा राखे ।

**विशेष समय**

विशेष समयमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका तर्फबाट नेता इन्द्रबहादुर आङ्बोले पाथीभरा र मुकलुङ क्षेत्र केही दिनदेखि तनावग्रस्त रहेकाले सरकारले वार्ताको माध्यमबाट समस्या समाधान गर्नुपर्ने बताए । उनले केबलकार विकास र व्यावसायिक परियोजना पनि भएकाले स्थानीय जनताको भावनाअनुसार अघि बढाउन आवश्यक रहेका धारणा राखे । विशेष समयमा नै नेकपा (एकीकृत समाजवादी) संसदीय दलका तर्फबाट कमलप्रसाद जवेगुले पनि बोलेका थिए ।

**शून्य समय**

मुलुकको समसामयिक विषयमा ध्यान केन्द्रित गरी शून्य समयमा कोशी प्रदेशसभाका सदस्य प्रदीपकुमार सुनुवार, गोविन्द गिरी, सुनिताकुमारी गुरुङ, सविना बजगाइँ, खिनु लङवा लिम्बू, रमेश बस्नेत, राधाकृष्ण खनाल, तिलचन पाठक, विदुरकुमार लिंथेपलगायतले आफ्नो धारणा राखे ।
उनीहरूले शनिबार ताप्लेजुङमा भएको घटनाको दुःख व्यक्त गर्दै वार्ताबाट समस्या समाधान गर्न सरकारलाई आग्रह गरे । लामो समयसम्म पनि बहुवर्षीय योजना सम्पन्न नहुने समस्या समाधानका लागि सरकारले एउटा विधि बनाएर निर्माण कम्पनीलाई दबाब दिनुपर्नेमा उनीको जोड थियो । प्रदेशसभाको अर्को बैठक भोलि अपराह्न २ बजे बस्नेछ । रासस

# रविसँग १ करोड धरौटी माग



**मधेशदृष्टि**
**बुटवल ।**
सुप्रिम सहकारी ठगीसम्बन्धी मुद्दामा रुपन्देही जिल्ला अदालतले रवि लामिछानेसँग १ करोड रुपैयाँ धरौटी माग गरेको छ ।
आइतबार जिल्ला न्यायाधीश प्रल्हादकुमार योगीको इजलासले १ करोड रुपैयाँ धरौटीमा लामिछानेलाई रिहा गर्न आदेश दिएका हुन् । दुई पक्षका वकिलको बहसपछि लामिछानेलाई धरौटीमा छाड्न आदेश भएको जिल्ला अदालत रुपन्देहीका श्रेस्तेदार यज्ञमूर्ती ज्ञवालीले बताए ।
सुप्रिम सहकारीको रकम अपचलनमा गत आइतबार २२ जनालाई प्रतिवादी बनाएर जिल्ला अदालतमा पूरक अभियोगपत्र दर्ता गरिएको थियो ।
पूरक अभियोगमा ५५ करोड ५९ लाख ८३ हजार ८ सय ४२ रुपैयाँ बिगो मागदाबी गरिएको थियो ।

# श्रमजीवी पत्रकार संघ गठन




**मधेशदृष्टि**
**रौतहट ।**
श्रमजीवी पत्रकार संघ, नेपाल रौतहटको १५ सदस्यीय कार्यसमिति गठन भएको छ । सन्तोष पौडेलको अध्यक्षतामा कार्यसमिति गठन भएको हो ।
समितिको उपाध्यक्षमा राकेश यादव, महिला उपाध्यक्षमा पुजा जैसवाल, सचिवमा अभिमन्यु पटेल, सहसचिवमा मो. मोजिबुल्ला, समावेशी सहसचिवमा सोनु महतो र कोषाध्यक्षमा जितेन्द्र दास चयन भएका छन् ।
त्यसैगरी, राधेश्याम साह , दिलिप पाण्डे, सत्येन्द्र प्रताप सिंह, अरमान उपाधाय, दिवेन्द्र साह, रोशन साह सदस्य चयन भएका छन् ।
सल्लाहकारमा रवीन्द्र साह, मोहम्द तन्बिर आलम, दीपक श्रीवास्तव, त्रिभुवन ओझा, शेख समिउल्ला, विश्वनाथ राम, समीर आलम, रमेश सिंह, सुमित यादव, मोहमद अफताब हास्मी, प्रवीण कुमार सिंह, मो. ओजिर आलम, अरबिन्द कुमार यादव र चन्दन कुमार महतो चयन भएका छन् । संघका अध्यक्ष जन्मदेव जैसीले श्रमजीवी पत्रकारको हकहित र अधिकारका लागि बृहत् सञ्चार आन्दोलन गर्ने बताए ।
सबै सञ्चारगृहमा कार्यरत पत्रकार, कर्मचारी र कामदारका हातमा अनिवार्यरुपमा नियुक्तिपत्र, नियमित न्युनतम पारिश्रमिक र श्रमजीवी पत्रकार ऐन पूर्ण कार्यान्वयनका लागि निर्णायक आन्दोलन गरिने उनको भनाइ थियो ।


नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
पशु सेवा बिभाग
**पशु क्वारेन्ताईन कार्यालय, जनकपुरधाम**
धनुषा, मधेश प्रदेश
**बोलपत्र स्वीकृतिको आशय सम्वन्धि सूचना**
प्रकाशन मितिः२०८१।१०।१४

यस कार्यालयवाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount with Ps & (w/o VAT) |
|---|---|---|---|---|
| 1 | AQO/JNK /Works/NCB/01-2081/82 | Earth filling at Compound of Animal Quarentine Office at Janakpurdham. | Ashish&Ashwin Construction, Janakpurdham-16,Dhanusa | 24,42,305.01 |

कार्यालय प्रमुख



**सूचना !!!! सूचना !!! सूचना !!**
पेन्सन पटा हराएको सम्बन्धमा एक अत्यन्त जरुरी सूचना....
नाम :- राम सिंहासन यादव।
ठेगाना :- जनकपुरधाम उपमहानगरपालिका २१ कुर्था
हराएको मितिः- २०२१ कार्तिक २५ गते
पेन्सन पटा नं. :- ९१३३
मो नं. :- ९८२८२६५९२९
हराएको स्थानः- जिल्ला प्रशासन कार्यालयको प्रागणमा

# पाटु रातमाटा क्षेत्रमा थप अन्वेषण शुरु

**मधेशदृष्टि**
**महोत्तरी ।**
पुरातत्व विभागले बर्दिबास–३ पाटु रातमाटा क्षेत्रमा तत्कालीन समयमा हतियार कारखानाबारे रहे÷नरहेको अन्वेषण सुरुआत गरेको छ । यसका लागि विभागका पुरातत्वविद् भाष्कर ज्ञवाली नेतृत्वको तीन सदस्यीय विज्ञटोली शनिबार बर्दिबास आइपुगेको छ । ‘हामीले हतियार कारखानास्थलको अध्ययन र प्रारम्भिक खोज अन्वेषण थालेका छौँ’, पुरातत्वविद ज्ञवालीले भने, ‘यसअघिका हालसम्म प्राप्त अध्ययनको निष्कर्षबाट यो ठाउँ पुरातात्विक महत्वको स्थल हो ।’ अहिलेको बिपी राजमार्ग (बर्दिबास–बनेपा राजमार्ग)को बर्दिबास–३ पाटुमा यो ठाउँ दुई दशकअघि जर्मन अन्वेषक गुडन कार्विन्सले पत्ता लगाएका हुन् । उनकै अध्ययन तथा खोज अन्वेषणको प्रतिवेदनका आधारमा अबका खोजीकार्य अघि बढ्ने विज्ञटोलीले जनाएको छ । अहिलेको बर्दिबासचोकबाट चार किलोमिटर उत्तर राजमार्गबाट पश्चिमपट्टि यो कारखानाले निकै ठाउँ ओगटेको प्रारम्भिक अध्ययनले देखाएको छ । कारखानास्थलमा निकै पुराना गारोका अवशेषजस्ता ठाउँ भेटिएको जनाइएको छ । पछिल्लो समयमा करिब सात दशकअघि यो ठाउँ नजिक वन फडानी गरी बसोबास थालिएको हो । विज्ञटोलीले यसअघि सात हजार वर्ष पहिलेसम्म यहाँ आसपास मानव बस्ती रहेका अवशेष पाइएको जनाएको छ । पाषाण युगकालीन हतियार कारखानास्थल आसपासमा अहिले पाटु, भब्सी, रातमाटा र राइमण्डलसहितका बस्ती छन् । कतिपय घरबस्ती र संरचनाले यो पुरातात्विक महत्वको ठाउँ चर्चेको प्रारम्भिक अध्ययनले देखाएको विज्ञ ज्ञवाली बताए । ‘अब यसबारे गहन अध्ययन गरिन्छ’, उनी भन्छन्, ‘यो ठाउँको संरक्षण, संवद्र्धन, अध्ययन तथा अनुसन्धानबारे सरकारले औपचारिक रूपमै बजेटमा यसपालि पहिलोपटक सम्बोधन गरेको छ ।’ यहाँ सात हजार वर्ष पहिलेसम्म मानव बस्ती रहेको भए पनि हतियार कारखाना भने त्योभन्दा निकैअघिको रहेको हुनसक्ने विज्ञटोलीको कथन छ । कारखाना सञ्चालन त करिब ३० हजार वर्ष पहिलेको हुनसक्ने ज्ञवाली बताउँछन् । ‘धेरै कुरा अबका थप अध्ययनले देखाउने छन्, प्रारम्भिक काम थालिएको छ’, ज्ञवाली भन्छन्, ‘यो अध्ययनले यहाँको निकै पुरानो मानव सभ्यताबारे अध्ययनको ढोका पनि खोल्नेछ ।’ रातु नदीको पश्चिमतिरको यो ठाउँको निकै पुरानो मानव सभ्यताको अध्ययन हुने ज्ञवालीको भनाइ छ । ‘सरकारले यस ठाउँबारे चासो बढाएछ, अब हाम्रो ठाउँको विकास सम्भावनाबारे आस बढेको छ’, पाटुका बासिन्दा तथा माध्यमिक तहका शिक्षक दीपकराज बराल भन्छन्, ‘यसले हामीलाई उत्साही बनाएको छ ।’ हतियार कारखानास्थलबारे पुरातत्व विभागले औपचारिक रूपमै काम थालेपछि अब यहाँका प्राचीन महत्वका ठाउँबारे क्रमशः अध्ययन हुँदै जाने बर्दिबास नगरप्रमुख प्रहलादकुमार क्षेत्री बताउँछन् । ‘हामी विभागको यो काममा साथ छौँ, आवश्यक सबै सहयोग पुर्याउँछौँ’, क्षेत्रीले भने ।

सबै पक्षको अध्ययन तथा अन्वेषण हुनसके रातु नदी किनारको प्राचीन सभ्यताबारे थप जानकारी बढ्दै जाने बर्दिबास जनता बहुमुखी क्याम्पसका प्राचार्य तेजबहादुर खड्का बताउँछन् । रासस

# वीरगंज नाकाबाट निर्यात बढ्यो




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार नाकाबाट चालु आर्थिक वर्षको छ महिनामा २९ अर्ब २७ करोड ८२ लाख चार हजार मूल्य बराबरका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ । आव २०८०÷८१ को छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा निर्यात शतप्रतिशत अर्थात् १४ अर्ब ७१ करोड रकमले निर्यात वृद्धि भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ । वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवको छ महिनाको अवधिमा प्रशोधित भटमास र सूर्यमुखी तेल छिमेकीमुलुक भारत बढेकाले समग्रमा निर्यात बढेको बताए । ‘गत आवको तुलनामा चालु आर्थिक वर्षमा समग्रमा प्रशोधित भटमास र सूर्यमुखीको तेल निर्यात बढेको छ’, उनले भने, ‘अन्य कपडाजन्य सामग्री पनि बढेकाले निर्यात झण्डै दोब्बर भएको हो ।’ गत आवको छ महिनामा यो नाका हँुदै १४ अर्ब ५६ करोड ७१ लख ८५ हजार मूल्य बराबरका वस्तु तथा सामान विदेशमा निर्यात भएको थियो । कार्यालयले चालु आवको छ महिनामा वस्तु तथा सामान निर्यात गरेवापत १७ करोड ६६ लाख ६३ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । गत आवको सोही अवधिमा निर्यात गरेवापत भने १० करोड तीन लाख ८१ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । वीरगंज नाका हँुदै विशेषगरी भटमासको तेल प्रशोधित, सूर्यमुखीको प्रशोधित तेल, सेन्थेटिक यार्न, पशु आहाराको कच्चा पदार्थ, विभिन्न किसिमका कपडा, सिन्थेटिक कपडालगायत छन् । वीरगंज नाका हुँदै चालु आवको छ महिनामा दुई खर्ब ७७ अर्ब १५ करोड ५७ लाख १६ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो । त्यसैगरी, गत आवको छ महिनाकै अवधिमा भने दुई खर्ब ६० अर्ब ३६ करोड ६१ लख ६६ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो । गत आवको तुलनामा चालु आवको सोही अवधिमा आयात पनि छ दशमलव ४५ प्रतिशतले बढेको छ ।

# वीउवासंघ र एशोसिएट्सबीच सम्झौता

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य संघ (वीउवासंघ) र पि. नरेश एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सबीच कर तथा राजस्व सम्बन्धी राय, सल्लाह र सुझाव प्रदान गर्नका लागि सम्झौता पत्र (एमओयू) मा हस्ताक्षर भएको छ । सम्झौता हस्ताक्षर कार्यक्रममा वीउवासङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले द्विपक्षीय सहकार्यबाट सङ्घका सदस्यहरूले कर, राजस्व तथा स्थानीय करसम्बन्धी नयाँ सूचना र परिपत्रको जानकारी प्राप्त गर्न सक्ने र राजस्व प्रशासनले प्रदान गर्ने सेवा सुविधाबाट लाभान्वित हुने विश्वास व्यक्त गरे । पि. नरेश एण्ड एशोसिएट्सका सञ्चालक नरेश कुमार पटेलले करसम्बन्धी समस्याहरूलाई सम्बन्धित सरोकारवालासमक्ष राखी समाधानको लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।

# जनमतद्वारा निशुल्क आँखा शिविरको निरन्तरता




**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी पर्साको लोक कल्याणकारी अभियान अन्तर्गत चलिरहेको निशुल्क आखा शिविर वीरगंज वडा नम्बर १९ बिन्दवासिनीमा सम्पन्न भएको छ । ९ औं शिविर अनतरगत आइतबार क्षेत्रीय पार्टी कार्यालयमा १५२ जनाको आँखाको परीक्षण गरिएको हो ।

सो मध्ये ४३ जनामा मोतियाबिन्द भेटिएको जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सरार्फले जानकारी गराए । मोतियाबिन्दु भएकाको शल्यक्रिया वीरगंज सामुदायिक आखा केन्द्रमा निशुल्क रुपमा गरिने अध्यक्ष सरार्फले बताए ।

सराफले हाम्रो अभियानबाट अहिलेसम्म एक हजार भन्दा बढी जन समुदाय लाभान्वित भएका छन् भने २५० भन्दा बढीको मोतियाबिन्दुको शल्यक्रिया सफलतापूर्वक सम्पन्न भएको बताए । उनले यो अभियान पर्साको गाउँ देखि सहरसम्म जारी नै रहने जनमत पार्टी पर्साका युवा नेता बृजकिशोर साह कलवारले बताए ।

कार्यक्रममा जनमत पार्टीका केन्द्रिय सदस्यहरु बिध्यालाल प्रसाद, रम्भा मिश्रा, केन्द्रिय सदस्य एवम् पुर्व एस एस पी अनुराग द्विवेदी सहित नेताहरु अन्जना गुप्ता, संजय सिह, सन्तोषी महतो, राजु साह, सरोज यादव, अजय साह कानु, महन्त रायभर लगायतको सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
७३ औँ अन्तर्राष्ट्रिय भन्सार दिवसको उपलक्ष्यमा आइतबार वीरगंज भन्सार कार्यालयले आयोजना गरेको रक्तदान कार्यक्रममा ४० जनाले रक्तदान गरेका छन् । वीरगंजको अलौंस्थित भन्सार कार्यालयको आइसिपी परिसरमा आयोजित कार्यक्रममा ४ महिलासहित ४० जनाले रक्तदान गरेका हुन् ।

रक्तदान गर्नेहरुमा रोज तिवारी, राम प्रसाद पाठक, हृदयनारायण साह, लेखनाथ पौडेल, रोशन कुमार चौरसिया, धिरज कुमार पटेल, राजेश कुमार कुश्वाहा, शिव कुश्वाहा, पारस महतो लगायतकाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए । पर्साका प्रमुख गणेश अर्यालको प्रमुख आतिथ्यमा भएको रक्तदान कार्यक्रममा वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दिपक लामिछाने, प्रमुख भन्सार अधिकृत राम प्रसाद पाठक, राजेन्द्र ढुंगाना, हृदय नारायण साह, सुनिता पौडेल लगायतकाको पनि उपस्थिति रहेको नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्ताले जानकारी गराए ।

# छ महिनामा गौर भन्सारद्वारा १४ करोड राजस्व सङ्कलन

**मधेशदृष्टि**
**रौतहट ।**
गौर भन्सार कार्यालयले आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा लक्ष्यको ८५ प्रतिशत राजस्व सङ्कलन गर्न सफल भएको छ । कार्यालयले साउनदेखि पुससम्म १४ करोड ६७ लाख ५५ हजार राजस्व सङ्कलन गर्न सफल भएको गौर भन्सार कार्यालयका निमित्त प्रमुख अमेन्द्र सिंहले जानकारी दिए । भन्सार विभागले आव २०८१÷८२ का लागि ३५ करोड ४३ लाख ७८ हजार राजस्व सङ्कलनको लक्ष्य दिएकामा पुस मसान्तसम्ममा १४ करोड ६७ लाख ५५ हजार सङ्कलन गरेको उनले बताए । यो साउनदेखि पुससम्मको लक्ष्यको ८५ प्रतिशत राजस्व सङ्कलन भएको प्रमुख सिंहले जानकारी दिए । भन्सार प्रमुख सिंहका अनुसार, यो छ महिनामा सबैभन्दा बढी पुसमा तीन करोड ४७ लाख १४ हजार सङ्कलन भएको छ । यो महिना लक्ष्य भन्दा १७ प्रतिशत बढी रकम राजस्व सङ्कलन भयो । यस वर्ष गौर भन्सार कार्यालयले विभागले दिएको लक्ष्य भेट्टाउने किसिमले काम गरिरहेको छ । यसैबीच रौतहट प्रहरीले गत साउनयता दुई करोड ४२ लाख ७७ हजार चार सय ४३ बराबरको सीमा क्षेत्रबाट चोरी निकासीका सामान बरामद गरी गौर भन्सारमा बुझाएको रौतहट प्रहरी प्रमुख दिलीप घिमिरेले जानकारी दिए । सो अवधिमा अवैध सामान ओसारपसार गर्ने ६६ जना, एक सय आठवटा मोटरसाइकल, दुई थान पिकअप भ्यान, दुई थान स्कारपियो गाडी, १४ वटा साइकल र चारवटा सिटीरिक्सा बरामद गरी भन्सार कार्यालयलाई बुझाएको उनले जानकारी दिए । सोही अवधिमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले ६८ लाख २४ हजार पाँच सय राजस्व सङ्कलन गरेको उपरीक्षक घिमिरेले जानकारी दिए ।

# फर्निचर उद्योगमा आगलागी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–७ स्थित भ्रमरपुरा चोकमा रहेको रामलला लक्ष्मी फर्निचर उद्योगमा आइतबार दिउँसो भीषण आगलागी भएको छ । दिउँसो १२:३० बजे भएको आगलागीले फर्निचर बनाउन प्रयोग हुने फोम, काठलगायतका सामग्री तथा तयारी अवस्थामा रहेका लाखौँ मूल्य बराबरका फर्निचरका सामान जलेर नष्ट भएको छ । आगलागीको सूचना पाएलगत्तै जनकपुरधाम उपमहानगरपालिका र नेपाल प्रहरीको बारुण यन्त्र घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिन सफल भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# कुष्ठरोग मुक्त पालिका बनाउन सचेतनामुलक अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको विन्दबासिनी गाँउपालिकालाई कुष्ठरोग मुक्त पालिका बनाउनका लागि सचेतनामुलक अभियान सञ्चालन गरिने भएको छ । ७२ औं विश्व कुष्ठ रोग दिवसका अवसरमा आइतबार बिन्दवासिनी गाँउपालिका वडा नम्बर २ गर्दौलमा आयोजित कार्यक्रममा गाँउपालिकाका अध्यक्ष प्रमोद तिवारीले बिन्दवासिनी गाँउपालिकालाई कुष्ठरोग मुक्त पालिका बनाउनका लागि सरोकावाला निकाय र संघसंस्थाको सहकार्यमा सचेतना मुलक अभियान सञ्चालन गरिने लिखित रुपमै प्रतिबद्धता जनाएका हुन् । छिट्टै सुरु गरिने उक्त अभियान अन्तर्गत पालिकाभरीमै नयाँ कुष्ठ रोगीहरुको पहिचान गरेर उनीहरुलाई उचित उपचारको दायरामा ल्याउने, अहिले उपचाररत पुराना रोगीहरुको पनि उपचारमा ध्यान राख्ने तथा अभियानलाई प्रभावकारी बनाउनका लागि आगामी आर्थिक वर्षको बजेटमा ती दुवै समुहका लागि पालिकाको तर्फबाट आवश्यक बजेट विनियोजन गर्ने प्रतिबद्धतापनि अध्यक्ष तिवारीले जनाए । कार्यक्रममा स्वास्थ्य कार्यालय पर्साका प्रमुख डाक्टर मुक्तिनारायण साहले पालिकालाई कुष्ठरोग मुक्त पालिका घोषणा गराउने अभियानमा पालिकाका जनप्रतिनिधी र अगुवाहरुको भूमीका महत्वपूर्ण हुने बताए । बिन्दवासिनी गाँउपालिकामा कुष्ठरोगका नयाँ प्रभावित हुनेहरुको दर अरु पालिकाभन्दा बढी रहेको जानकारी गराउँदै उनले यसमा सबैको ध्यान पुग्नुपर्नेमा जोड दिए । कुष्ठरोग रोकथाम र निवारणको क्षेत्रमा काम गर्दै आएको दी लेप्रोसी नेपालका पर्सा जिल्ला संयोजक रामहरि रेग्मीका अनुसार, बिन्दवासिनी गाँउपालिकाभरमा नयाँ र पुराना गरी करिब ३५ जना कुष्ठरोग प्रभावितहरु रहेको र तीमध्ये नयाँ १२ जना उपचाररत रहेका छन् ।

# धनुषामा एक महिलाको हत्या

**मधेशदृष्टि**
**वीरगंज ।**
धनुषामा एक महिलाको हत्या भएको छ । धनुषाको धनुषाधम नगरपालिका वडानम्बर ५ पर्वताकी २९ वर्षीया संगीता ठाकुरको हत्या भएको प्रहरीले जनाएको छ । ठाकुरलाई आफ्नै श्रीमान ३३ वर्षीय देवलाल ठाकुरले शनिबार राति २ बजे हत्या गरेको जिल्ला प्रहरी कार्यालयका धनुषाका प्रवक्ता डीएसपी बरुणबहादुर सिंहले जानकारी दिए ।

.डीएसपी सिंहका अनुसार देवलालले ढोकामा लगाउने आग्लोले हानेर श्रीमतीको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

देवलाललाई पक्राउ गरेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । घरायसी विवाद हुँदा हत्या भएको प्रहरीले जनाएको छ ।


## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल वस्तुहरको अधिकतम खुद्रा बिक्री मुल्य निम्न बमोजिम भएको व्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

| सि. नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा बिक्री मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SINGLE DOOR SHOWCASE | | VELTECH | JMSC253 | 253 LTR. | CHINA | PCS | NPR | 55,000.00 | |
| 2 | SINGLE DOOR SHOWCASE | | VELTECH | JMSC363 | 363 LTR. | CHINA | PCS | NPR | 65,000.00 | |
| 3 | SINGLE DOOR SHOWCASE | | VELTECH | JMVC600M | 600 LTR. | CHINA | PCS | NPR | 90,000.00 | |

बिक्रेता फर्मको नाम : जय माँ ईलेक्ट्रोनिक्स
ठेगाना : विरगंज बाईपास–२
स्थायी लेखा नं. 302637148
फोन : 051-531107, 529772

सम्पादकीय

# सरकारबारे राप्रपाको धारणा र यथार्थता

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आफ्नो केन्द्रीय कार्यसमिति बैठकपछि सरकारलाई 'पूर्णतः असफल' घोषित गर्दै कडा आलोचना गरेको छ । मुलुकको वर्तमान अवस्था र जनताको अपेक्षाबीचको खाडल पुर्ने गरी काम गर्नुपर्नेमा सरकार त्यो बाटोमा अहिले नहिँडिरहेको अवस्थामा राप्रपाको बैठक बसेको हो । सरकार रोजगारी सिर्जनामा, मूल्यवृद्धि नियन्त्रणमा र विकास निर्माणलाई गति दिन जुन रुपमा लाग्नुपर्ने हो, त्यस अनुसार अघि बढिरहेको छैन । भ्रष्टाचार नियन्त्रणको सट्टा, भ्रष्टाचारीलाई संरक्षण गरेको अहिले सरकारमाथि आरोप लागिरहेको छ । देशका मुख्य दुई वटा दल कांग्रेस र एमाले सम्मिलित सरकारले अहिले जनतामा रहेको निराशालाई चिर्ने गरी काम नभईरहेको तीतो यथार्थता हामीमाझ रहेको छ । राप्रपाको बैठकपछि जारी गरिएको बक्तव्यमा राजनीतिक दल सम्बन्धी ऐनमा संशोधन गरेर मुलुकलाई दुई दलीय व्यवस्थातर्फ लैजाने सत्ता पक्षीय नेताहरूको बारम्बारको धम्की एवं हठात र अनायास संसद छलेर अध्यादेश ल्याइनु दुई दलीय सर्वसत्तावादको प्रारम्भिक अभ्यासको रूपमा रहेको भनेर उल्लेख गरिएको छ।

राप्रपाका अनुसार आम जनताको चाहना बमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीब्रता दिन, राजनीतिक स्थिरता प्रदान गर्न तथा राजनीतिक स्थायित्वकै लागि संविधान संशोधन र तदनुकुलको कानुन निर्माणलाई प्राथमिकता दिने भन्दै सातबुँदे सहमतिमार्फत गठन भएको एमाले–कांग्रेसको गठबन्धन सरकार, सरकार निर्माणको आफ्नो लक्ष्यबाट च्युत भएको छ । नागरिकमा विगतमा देखाइएको आशालाई निराशामा परिणत गराउने काममा अहिले सत्ता गठबन्धन लागेको चर्चा सुनिन्छ । देशमा जल्दोबल्दो रुपमा रहेका विभिन्न समस्याहरुलाई समाधान गर्ने दिशामा सरकारलाई आफूलाई अगाडी लैजानुपर्छ । अहिलेको मुख्य महत्वपूर्ण समस्या भनेको रोजगारीको अभाव हो । वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या दिन–प्रतिदिन बढिरहेको छ । स्वदेशमै रोजगारी सिर्जना गर्न सरकार असफल देखिएको छ।

सरकारले गर्नुपर्ने अर्को महत्वपूर्ण काम जनतामा आर्थिक अवस्था बढाउने खालका कार्यक्रम र मूल्यवृद्धि रोक्नु हो । तर, अहिले यो उल्टो भएको छ । दैनिक उपभोग्य वस्तुहरूको मूल्य आकाशिनु, इन्धनको बढ्दो मूल्य र मुद्रास्फीति नियन्त्रण गर्न नसक्दा जनताको आर्थिक अवस्थालाई असर गरिरहेको छ । आम नागरिक वाक्क दिक्क हुने अर्को विषय हो, भ्रष्टाचार । साना भन्दा साना एवम् निःशुल्क रुपमा हुने नागरिकको काममा पनि पैसा खाने अर्थत् भ्रष्टाचारको गन्ध जतातत्तै फैलिएको छ । देशका ठूला ठूला घोटालाहरू लुकाउने, दबाउने खेलमा सरकारमा भएकाहरु लाग्ने गरेकाले जनता सरकार, राजनीति, राजनीतिक दलप्रति निराश भइरहेका छन्।

अहिलको मुख्य काम जनतामा रहेको निराशालाई चिर्नु हो । तर जनतामा कस्तो निराशा छ र त्यसलाई कसी चिर्न सकिन्छ भन्नेमा बुझेर पनि बुझ पचाउने प्रवृतिका कारण दिनानुदिन जनताको नजरबाट देशका नेताहरु नाङ्गिदै गइरहेका छन् । विशेषगरी कोरोना महामारीपछि उत्पन्न आर्थिक मन्दी, विभिन्न अन्तर्राष्ट्रिय व्यापारको असन्तुलनजस्ता बाह्य कारणहरूले हाम्रो देशको अर्थतन्त्रलाई धक्का दिइरहेको अहिलेको सन्दर्भमा उचित आर्थिक प्रणाली अबलम्बन गरी देशलाई आर्थिक दुश्चक्रबाट माथि उठाउनुपर्ने अहिलेको जल्दोबल्दो सवाल हो।

तर आर्थिक विकासका कुनै पनि भरपर्दा र पार लाग्ने खालका क्रियाकलाप हुन नसक्दा नागरिकलाई निराशा अझ बढाउने देखिन्छ । यसर्थ, वर्तमान सरकारले गरी नहुने केही कामहरुलाई तत्काल सम्बोधन गर्नुपर्छ । भ्रष्टाचारमाथि शून्य सहनशीलताको नीति अपनाउँदै दोषीलाई कडा कारबाही गर्ने, रोजगारी सिर्जनाका लागि लघु उद्योग, कृषिमा आधुनिकीकरण र पर्यटन प्रवद्र्धनलाई प्राथमिकता दिनुपर्ने, युवा उद्यमशीलतालाई सहयोग गर्ने नीति ल्याउनुपर्ने लगायतका काममा सरकार क्रियाशील हुने हो भने थोरै भएपनि नागरिकले राहत महसुस गर्नेछन्।

# हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जामा रुपान्तरण

– कृष्ण अधिकारी

हरित अर्थतन्त्र भन्नेबित्तिकै वातावरणीय दिगोपनलाई प्राथमिकता दिने आर्थिक प्रणाली बुझिन्छ । यसमा आर्थिक विकास र पर्यावरण संरक्षण सँगसँगै अघि बढ्ने नीति समावेश गरिन्छ।

हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जाको रूपान्तरण एक प्रमुख आधार हो, जसले प्रदूषण घटाउँदै ऊर्जा आवश्यकतालाई पूरा गर्छ र दिगो विकासका लक्ष्य हासिल गर्न मद्दत गर्दछ।

उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रुपान्तरणबाट आर्थिक समृद्धि ल्याउन सकिने भएकाले हालै ल्याइएको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ मा पनि विभिन्न सम्भावनाहरुको उजागर गरिएको छ।

परम्परागत ऊर्जाका स्रोतहरुको प्रयोगबाट वातावरणमा प्रतिकूल प्रभाव पार्नुका साथै जनताको जीवनस्तर अभिवृद्धिमा पनि अवरोध ल्याउँछ। पेट्रोल, डिजेलजस्ता खनिज इन्धनको प्रयोगले वातावरणमा हरितगृह ग्यास उत्सर्जन गर्ने हुँदा यस्ता ऊर्जाका स्रोतहरुबाट उत्पन्न हुने नकारात्मक प्रभावलाई स्वच्छ ऊर्जाका माध्यमबाट घटाउन सकिन्छ।

खनिज तथा परम्परागत ऊर्जाको प्रयोगले गर्दा नै आज विश्व जलवायु परिवर्तनबाट सिर्जित अनेक समस्याहरुबाट नराम्ररी प्रभावित बनेको छ । यस शताब्दीकै मुख्य चुनौतीका रुपमा रहेको जलवायु परिवर्तनको प्रभावलाई कम गर्न स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रयोग अपरिहार्य हुन्छ।

स्वच्छ ऊर्जाको प्रयोगले वातावरणीय सन्तुलन कायम राख्न मात्र नभई रोजगारी सिर्जना र स्थानीय स्रोतहरूको उपयोग भई दिगो विकासमा सहयोग पुग्दछ।

नेपाल स्वच्छ तथा नवीकरणीय ऊर्जाको ठूलो सम्भावना रहेको मुलुक भएकाले यसको उपयोगबाट आयातित इन्धनमा निर्भरता घटाएर ऊर्जा सुरक्षामा वृद्धि गर्न र मुलुकको अर्थतन्त्रलाई नै बलियो बनाउन सकिन्छ।

नेपालको हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जाका रूपान्तरणका क्षेत्रहरूमा जलविद्युत्, सौर्य ऊर्जा, बायोग्यास र जैविक ऊर्जा, वायु ऊर्जा, भू–तापीय ऊर्जा, बायोमासजस्ता ऊर्जा स्रोतहरु रहेका छन्।

**ऊर्जा रुपान्तरणको सम्भावना**

परम्परागत ऊर्जा र आयातित इन्धनमा नै निर्भर रहँदै आएको नेपालमा पछिल्लो केही वर्षयता ऊर्जा रूपान्तरण विविध क्षेत्रमा भइरहेको छ । देशको भौगोलिक र प्राकृतिक स्रोतहरूको उपलब्धताले ऊर्जा एक प्रकारबाट अर्को प्रकारमा परिवर्तन गरी उपयोग गर्न धेरै सम्भावना प्रदान गरेको छ।

नेपाल जस्तो विकासशील देशमा ऊर्जा रूपान्तरणले आर्थिक विकास, ग्रामीण क्षेत्रको विकास र जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्छ । विभिन्न अन्तराष्ट्रिय मञ्चहरुमा पनि ऊर्जा रुपान्तरणमा जोड दिन थालिएको छ।

नेपालमा पानीको स्रोत अत्यधिक भएकाले जलविद्युत् ऊर्जा रूपान्तरणको प्रमुख क्षेत्र हो । नदी र जलाशयहरूमा पानीको शक्तिलाई टर्बाइनका माध्यमबाट विद्युत् ऊर्जामा रूपान्तरण गरिन्छ । सूर्यको किरणलाई सोलार प्यानलमार्फत विद्युत् ऊर्जाका रुपमा रुपान्तरण गरिएको छ।

घरेलु सौर्य प्रणालीका रुपमा उपयोग हुँदै आएको सौर्य ऊर्जा अहिले मेगावाटका रुपमा विस्तार भएको छ। सौर्य ऊर्जालाई मिनीग्रिडका रुपमा वितरण गर्न थालिएको छ । जैविक फोहरदेखि गाईभैँसीको गोबर, कृषिजन्य फोहर र जैविक फोहरलाई बायोग्यास प्लान्टबाट ग्यास मात्र नगरी विद्युत् ऊर्जामा रूपान्तरण गरिएको छ ।

हिमाली र पहाडी क्षेत्रमा हावाको शक्तिलाई विद्युत् ऊर्जा उत्पादन गर्ने प्रयासहरु पनि भइरहेका छन् । पेट्रोल, डिजेल जस्ता खनिज इन्धनलाई प्रयोग गरेर सवारी साधन र मेसिनहरू चलाउन यान्त्रिक ऊर्जामा रूपान्तरण गरिन्छ । नेपालमा रहेको थर्मल स्प्रिङ (हट स्प्रिङ) हरूलाई भू–तापीय ऊर्जामा रूपान्तरण गर्ने सम्भावना छ।

**जलवायु नीति कार्यान्वयनमा स्वच्छ ऊर्जाको प्रभाव**

नेपालले पेरिस सम्झौतामा प्रतिबद्धता जनाएबमोजिम सन् २०४५ सम्ममा खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्नका लागि जलविद्युत्बाहेकका नवीकरणीय ऊर्जाको विकास गर्नुपर्नेछ भने सन् २०३० सम्ममा २० प्रतिशत ऊर्जाको खपत नवीकरणीय स्रोतबाट गर्ने आवधिक योजनामा उल्लेख छ।

नेपालले दोस्रो राष्ट्रिय निर्धारित योगदान २०२० को प्रतिवेदनले २०३० सम्ममा पाँच हजार मेगावाट क्षमता बराबर नवीकरणीय ऊर्जाबाट विद्युत उत्पादन गर्ने लक्ष्य तय गरेको छ।

नेपालले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय रूपमा निर्धारण गरिएका योगदानहरू (एनडिसी) र दीर्घकालीन रणनीतिहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

अन्तर्राष्ट्रिय कोष जस्तै हरित जलवायु कोष र अन्य दातृ निकायबाट जलवायु अनुकूलन र न्यूनीकरणका लागि स्रोत परिचालन गर्न वित्तीय नीतिहरूलाई जलवायुमैत्री बनाउनुपर्ने आवश्यकता छ।

साथै, प्रविधि हस्तान्तरण र स्वच्छ ऊर्जा र दिगो कृषि प्रविधिहरू अपनाउने गरी योजना बनाउनुपर्ने हुन्छ।

जलवायु परिवर्तनसम्बन्धी कोप सम्मेलनहरुमा गरिएको सङ्कल्प प्रस्तावहरुमा समेत नेपालले पेट्रोलियम पदार्थको प्रयोगमा न्यूनीकरण गर्ने तथा नवीकरणीय ऊर्जाको लगानीलाई वृद्धि गर्ने भन्ने प्रतिबद्धता जनाएको सन्दर्भमा जलविद्युत् तथा सौर्य ऊर्जाको सम्मिश्रणमा जोड दिनुपर्ने हुन्छ।

**स्वच्छ ऊर्जाको व्यापार**

नेपालले स्वच्छ ऊर्जाको प्रयोग गरी कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारसमेत गरिसकेको छ।

कार्बन व्यापारमार्फत हालसम्म चार अर्ब ७५ करोड रुपियाँ तीन करोड ५२ लाख ७० हजार अमेरिकी डलर आम्दानी गरेको छ। सन् २०११ देखि वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रले सञ्चालन गर्दै आएका विभिन्न आठ कार्बन व्यापारका परियोजनामार्फत यस्तो आम्दानी गरेको हो।

केन्द्रले यस शीर्षकमा गत आर्थिक वर्षमा मात्रै २८ लाख ७५ हजार अमेरिकी डलर आम्दानी गरेको थियो। हालसम्म केन्द्रमार्फत ६० लाख मेट्रिक टन कार्बन बिक्री गरिएको छ।

गतवर्ष यो परिमाण पाँच लाख ४२ हजार मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण रेकर्ड गरी यस्तो आम्दानी गरिएको हो भने आगामी वर्षमा कार्बन व्यापारको रकम बढ्दै जानेछ।

कार्बन उत्सर्जन गराउने मुख्य तत्व हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न सकिने हुँदा नवीकरणीय ऊर्जा प्रवद्र्धनमा लगानी बढाउनुपर्नेमा जोड दिनुपर्दछ।

हरित ऊर्जा निर्यातको सम्भावना वृद्धि गर्न नवीकरणीय ऊर्जा स्रोतहरू सौर्य ऊर्जा, वायु ऊर्जा र जैविक ऊर्जा प्रविधिमा लगानी बढाउनुपर्ने हुन्छ । स्वच्छ ऊर्जा रुपान्तरणलाई तीव्रता दिनको लागि रणनीतिको खाँचो रहेको छ।

**ऊर्जा सम्मिश्रणमा जोड**

जलवायु परिवर्तनका कारण नदीको बहावमा घटबढ भई सुक्खा मौसममा पानीको अभाव हुन थालेको जलविद्युत्मा भएको पूर्ण निर्भरतालाई कम गरी नवीकरणीय ऊर्जाका स्रोतहरु जस्तै सोलार पिभीमा आधारित विद्युत् उत्पादनलाई जोड दिनुपर्ने एक अध्ययनले देखाएको छ।

वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्र र जर्मन सहयोग नियोग जिआइजेडद्वारा सञ्चालित आर्थिक विकासको लागि सौर्य प्रविधि प्रवद्र्धन कार्यक्रमको सहयोगमा 'नेपालको ऊर्जा सम्मिश्रणमा सुरक्षा, सुलभता एवं दिगोपनाको लागि जलविद्युत् र सौर्य ऊर्जाको एकीकृत विकास' विषयमा गरिएको अध्ययन प्रतिवेदनमा जलविद्युतमा निर्भर विद्युत् प्रणालीले सुक्खायाममा आवश्यक आपूर्ति गर्न नसक्ने हुँदा सौर्य ऊर्जालाई पनि सँगसँगै विकास गर्नुपर्ने सुझाव रहेको छ।

वर्षायामको समयमा पर्याप्त विद्युत् उत्पादन हुने तर सुक्खा मौसममा विद्युत् उत्पादन घट्न गई पर्याप्त विद्युत्को अभाव हुने हुँदा यस्तो मौसमी उतारचढावलाई न्यूनीकरण गर्न र कुल उर्जाको लागतहरूलाई कम गर्न सौर्य विद्युत् भरपर्दो विकल्प हुनसक्छ।

नेपालले विद्युत् उत्पादनको क्षमता वृद्धि गर्न सकेको खण्डमा व्यापार असन्तुलनलाई घटाउन सकिनेछ । नेपालले अहिले पनि अधिकतम विद्युत् महँगोमा खरिद गर्ने (औसत मूल्य प्रतियुनिट रु १०.४८ देखि रु ३२ सम्म) र सस्तोमा बिक्री गर्ने (औसत मूल्य प्रतियुनिट रु ७.०२) अवस्था रहँदै आएको छ।

कुल जडित क्षमताको करिब ९५ प्रतिशत विद्युत् जलविद्युत्बाट उत्पादन भएको छ । सुक्खायाममा सहज विद्युत् आपूर्तिका लागि भारतसँग निर्भर हुनुपर्ने बाध्यताको अन्त्यका लागि ऊर्जा सम्मिश्रणमा जानुको विकल्प छैन।

सौर्य ऊर्जा आयोजनाहरूलाई जलाशययुक्त जलविद्युत् आयोजनाहरूसँग संयुक्त रूपमा विकास गर्न सकेको खण्डमा सुक्खायाममा भारतबाट हुने विद्युत् आयातलाई तत्काल घटाउन सकिनेछ।

सुक्खायाममा जलविद्युत्को उत्पादन कम हुने हुँदा सौर्य ऊर्जाको उत्पादन वृद्धि गरी दुबै ऊर्जा स्रोतलाई एकीकृत रूपमा विकास गरेर ऊर्जा सन्तुलन कायम गर्न सकिन्छ । यसका लागि दिगो, स्वच्छ र दिगो ऊर्जा क्षेत्रको विकास गर्न नीतिगत र लगानीको वातावरण निर्माण गर्नु आवश्यक छ।

**स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलन आयोजना**

संयुक्त राष्ट्रसङ्घले पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणीजगतको हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रुपान्तरणको लागि सचेतना जगाउने र सोही बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने उद्देश्यका साथ सन् २०२४ देखि हरेक वर्ष जनवरी २६ तारिखलाई अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसको रुपमा मनाउने घोषणा गरेको छ।

यो दिवस विश्वभर विभिन्न कार्यक्रमहरु गरेर मनाउने क्रममा वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रले यही माघ १३ देखि १५ गतेसम्म विविध कार्यक्रम गरी मनाउँदैछ । यस अवसरमा माघ १५ गते उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रको लागि स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलनको आयोजना गर्दैछ।

सम्मेलनमा उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रको विकासमा सघाउ पुऱ्याउने स्वच्छ ऊर्जा रुपान्तरणलाई तीव्रता दिनको लागि सरोकारवालाहरुबीच अनुभव आदानप्रदान, लगानीको अवसरबारे अन्तक्रिया एवं आवश्यक रणनीति तर्जुमाको लागि विभिन्न प्रस्तुतिहरु तथा छलफल हुनेछ। क्षेत्रगत आवश्यकता, अवसर र चुनौतीहरुको पहिचान गर्नु, लगानीयोग्य आयोजनाहरुको प्राथमिकीकरण तथा स्वच्छ ऊर्जा रुपान्तरणको लागि लगानीका सम्भावना तथा स्रोत परिचालनका अवसरको खोजी गर्नु र सम्भाव्य लगानीयोग्य आयोजनाहरु प्रस्तुत एवं लगानी अभिवृद्धिमा जोड दिनु सम्मेलनको उद्देश्य रहेको छ।

नेपालको ऊर्जा रुपान्तरण एवं जलवायु परिवर्तनसँग सम्बन्धित वर्तमान विकास साझेदारी एवं भविष्यको लगानी छनोटको सन्दर्भमा यस क्षेत्रमा भएका सफल आयोजना एवं थालनीका अभ्यासहरुको अनुभव आदानप्रदान गर्न पनि यस्ता सम्मेलनहरुको सान्दर्भिकता रहन्छ। रासस

# बाँसखर्क अर्थात् सुन्तलाखर्कः पाखैभरि पहेँलपुर सुन्तला

–राम थापा

बाँसखर्कका सुन्तलाबारे सुन्दै आएकी गण्डकी प्रदेश सरकारका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पद्मा जिसी श्रेष्ठ शुक्रबार त्यहाँको सुन्तला बगान देखेर छक्क परिन्।

पाखैभरि पहेँलपुर सुन्तला देख्दा कसको पो मन नलोभिएला र ? किसानको प्रतिनिधित्व गर्ने मन्त्रीका रूपमा उनका लागि त्यो दृश्य झनै लोभलाग्दो थियो । बोटै निहुरिने गरी टलरम्म फलेका सुन्तलाको बगान छिचोल्दै 'बाँसखर्क सुन्तला महोत्सव'मा सहभागी हुन पुगेकी मन्त्री श्रेष्ठले बाँसखर्कलाई सुन्तलाखर्कका रूपमा चिनाउनुपर्ने बताइन्।

'यहाँको सुन्तलाबारे मन्त्रालयमा छलफल हुन्थ्यो, साथीहरूबाट पनि धेरै कुरा सुनेकी थिएँ, तर आफैँले प्रत्यक्ष देख्दा यो ठाउँलाई बाँसखर्क नभई सुन्तलाखर्क भन्दा अझ उपयुक्त हुन्छ जस्तो मलाई लाग्यो' मन्तव्यका क्रममा उनले भनिन् । पर्वतको जलजला गाउँपालिका– १ बाँसखर्कमा आयोजित महोत्सवमा पुगेका जोकोही त्यहाँको सुन्तलाखेती देखेर अचम्मित बने।

बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले गाउँभरि सुन्तलाको बगान देखेर आफू प्रभावित भएको सुनाए। 'एउटै बोटमा यति धेरै सुन्तला फलेको धेरै काम मात्र देखिन्छ, यहाँ त बगान नै लटरम्म बनेको छ, गाउँ नै सुन्तलाले ढाकेको छ,' उनले भने।

गाउँका अगुवा सुन्तला किसान मेखबहादुर खत्रीका अनुसार यस वर्ष बाँसखर्कमा सुन्तला अत्यधिक फल्यो। उनले १८ करोड ४४ लाख ४७ हजारको सुन्तला उत्पादन भएको जानकारी दिए । एक हजार पाँच सय रोपनी जमिनमा सुन्तलाखेती गरिएकामा फल दिने बोट २६ हजार सात सय ६ र हुर्कँदै गरेका बोटको संख्या २४ हजार चार सय ४५ रहेको किसान खत्रीले बताए।

कुल ५१ हजार एक सय ५१ बोट रहेकामा सबै बोटले फल दिँदा केही वर्षमा उत्पादन दोब्बर बढेर झन्डै ४० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ। अगुवा कृषक जतबहादुर खत्रीको बगानमा वर्षमा ३५ लाखबराबरको सुन्तला फल्ने गरेको छ । उनले २५ रोपनीमा सुन्तलाखेती गर्दै आएका छन्।

अर्का अगुवा किसान शान्तबहादुर छिन्तेलले वार्षिक २३ लाख र हेमबहादुर अर्मजाले १९ लाखबराबरको सुन्तला उत्पादन गर्दै आएका छन् । तेजबहादुर खत्री र नरबहादुर पाइजाले सुन्तलाको नर्सरी सञ्चालन गर्दै आएका छन्।

'व्यावासायिक सुन्तलाखेतीले बाँसखर्कका किसानको जीवनस्तर नै बदलिएको छ, सुन्तला बेचेर वर्षको पाँच लाखदेखि ४० लाखसम्म कमाउने किसान यहाँ हुनुहुन्छ' अगुवा किसान मेखबहादुर खत्रीले भने।

बाँसखर्कको सुन्तला पोखरा, मुग्लिन, नारायणगण, काठमाडौंलगायत ठाउँमा खपत हुने गरेको उनको भनाइ छ । उनका अनुसार जलजला–१ को मालगाउँ र घुमाउने तालको केही ठाउँबाहेक बाँसखर्कको अधिकांश क्षेत्रमा सुन्तलाखेती हुँदै आएको छ । वि.सं. १९९७÷९८ तिर बाँसखर्कको बजारमारे र वीरमारेमा केही सुन्तलाका बोट देखिएको र त्यसपछि समयक्रममा सुन्तलाखेती विस्तार हुँदै आएको उनले बताए।

०२८ मा कृषि विकास बैंकले सुन्तलाखेती गर्ने किसानलाई ऋण दिन थालेपछि बाँसखर्कमा सुन्तलाखेती सुरु भएको गाउँका अगुवा किसान बताउँछन् । पोखरासम्म सडक पहुँच विस्तार भएपछि ०५२÷५३ सालदेखि बाँसखर्कका किसानले व्यावसायिक रूपमा सुन्तलाखेती सुरु गरेका हुन्। २३९ घरपरिवार रहेको बाँसखर्कका अधिकांश किसान सुन्तलाखेतीमा आबद्ध छन् । किसानले सुन्तलाखेतीको विकल्प देख्न छाडिसकेका छन्।

उत्तरी मोहडातर्फ भिरालो जमिनमा फैलिएको बाँसखर्क सुन्तलाखेतीका लागि उत्तम रहेको गाउँपालिकाका कृषि अधिकृत राजु गौतमले बताए।

'यहाँको मुख्य विशेषता भनेको हिमालतिर फर्किएको जमिन छ, सुन्तलाखेतीका लागि सुहाउँदो हावापानी छ, कालो माटो र पारिलो ठाउँ भएकाले सुन्तलाखेती फस्टाएको छ,' उनले भने, 'अन्यत्र बगान रित्तिसक्दा पनि बाँसखर्कमा माघ–फागुनसम्मै सुन्तला रहन्छ।'

बाँसखर्क समुद्री सतहबाट एक हजार एक सय मिटरदेखि एक हजार नौ सय मिटरसम्ममा फैलिएको छ । वडाध्यक्ष जकबहादुर रोकाले सुन्तला ढुवानीका लागि बाँसखर्क जोड्ने सडकको स्तरोन्नति हुन सके किसानलाई थप सुविधा पुग्ने बताए।

सिँचाइ सुविधा, पहिरो नियन्त्रण र सुन्तला बगानमा रहेको विद्युत् तारको व्यवस्थापन नहुँदा किसानले समस्या भोग्दै आएको उनको भनाइ छ । गाउँपालिका र १ नम्बर वडा कार्यालय मिलेर आयोजना गरेको महोत्सवमा सुन्तलाखेतीसम्बन्धी प्रविधि प्रसार, सुन्तला प्रदर्शनीलगायत कार्यक्रम गरिएको थियो । उत्कृष्ट किसानलाई नगदसहित सम्मान गरिएको थियो।

महोत्सवमा स्थानीय कला, संस्कृतिको प्रदर्शनी राखिएको थियो। एक दिन मात्र सञ्चालित उक्त महोत्सवमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पद्मा जिसी श्रेष्ठ, उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, राष्ट्रिय सभा सदस्य मनरूपा शर्मालगायत विशिष्ट व्यक्तित्वको सहभागिता थियो।

सो अवसरमा मुख्यमन्त्री पाण्डेले बाँसखर्कलाई सुन्तलाको पकेट क्षेत्रका रूपमा विकास गर्न प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले म्याग्दी सदरमुकाम बेनीबाट बाँसखर्क जोड्ने सडक स्तरोन्नतिका लागि आगामी बजेटमा योजना समावेश गर्ने बताए।

मुख्यमन्त्री पाण्डेले सुन्तलाखेती गर्ने किसानलाई सीप र प्रविधि हस्तान्तरणमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराइने बताए । गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्यले बाँसखर्कको सुन्तलाको प्रवद्र्धन र बजारीकरणका साथै किसानलाई सुन्तलाखेतीतर्फ थप प्रोत्साहित गर्ने ध्येयले सुन्तला महोत्सव आयोजना गरिएको बताए । रासस

# ‘ट्राफिक सचेतनाले सडक सुरक्षामा सुधार ल्याउने’

**ललितपुर ।**
**ललितपुर** महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ट्राफिक सचेतनाले यात्रीको जीवनरक्षा र सडक सुरक्षामा अर्थपूर्ण सुधार ल्याउने विश्वास व्यक्त गरेका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरीको सहकार्यमा ललितपुर महानगरपालिकाले आइतबार जावलाखेलमा आयोजना गरेको साप्ताहिक ट्राफिक सचेतनाको सुभारम्भ कार्यक्रममा उनले यात्रुको सुरक्षाका लागि ललितपुरका सडकमा जडान गरिएका ‘स्मार्ट र इन्टेलिजेन्ट’ ट्राफिक लाइट तीन सय ६५ दिन सञ्चालन हुने जानकारी गराउँदै विशिष्ट व्यक्तिको आगमन भन्दैमा जिल्लामा ट्राफिक नियम उल्लङ्घन गर्न नपाइने बताए ।

‘नियम उल्लङ्घन गर्नेको विवरण प्रविधि (सिस्टम)ले देखाउँछ, जो सुकैले नियम उल्लङ्घन गरेमा सिस्टमले विवरण सङ्कलन गरिरहेको हुन्छ, सोहीअनुसार हामी कारबाही प्रक्रिया अगाडि बढाउँछौँ’, प्रमुख महर्जनले भने ।

उनले अहिले कुपन्डोलबाट जावलाखेलसम्म स्मार्ट र इन्टेलिजेन्ट ट्राफिक लाइट जडान गरेर व्यवस्थापन गरिएको जनाउँदै आगामी वर्ष पुल्चोकबाट मङ्गलबजार हुँदै ग्वार्कोसम्म, सातदोबाटोबाट हरिसिद्धिसम्म र जावलाखेलबाट एकान्तकुना हुँदै भैँसेपाटीसम्मको सडकमा जडान गरेर व्यवस्थापन गरिने उल्लेख गरे ।




‘धेरैले ज्यान गुमाउनुपरेको स्थान कुसुन्तीमा ‘लिफ्ट’सहितको अपाङ्गतामैत्री ‘ओभरहेड ब्रिज’ बनाउने काम भइरहेको छ, सम्पन्न भएपछि अपाङ्गता भएकाहरूले पनि सहजै सडक पार गर्न सक्नुहुनेछ । डरलाग्दो र भयावह दुर्घटनाको अवस्था देखिएको पाटन अस्पताल अगाडिको सडकमा ‘ओभरहेड ब्रिज’ निर्माण गर्ने तयारी गरिरहेका छौँ, यसलाई छिट्टै पूर्णता दिनेछौँ’, प्रमुख महर्जनले भने ।

उनले ललितपुरलाई बस्न योग्य सहरका रूपमा विस्तार गर्दै नागरिकको दैनिकी सहज बनाउने गरी विकास गर्ने भन्दै हरेक साता नयाँ र राम्रो काम गरेर नागरवासीलाई सेवा प्रवाहमा सहजता दिने प्रतिबद्धता व्यक्त गरे । उनले एक सातासम्म सञ्चालन हुने ट्राफिक सचेतनाले जनतामा ट्राफिक नियमसम्बन्धी जानकारी प्रदान गर्ने विश्वास व्यक्त गरे ।

जावलाखेलस्थित प्राङ्गणमा महानगरप्रमुख महर्जनले ट्राफिक सन्देशमूलक ‘प्लेकार्ड’ देखाउँदै ट्राफिक नियमको पालनाबारे यात्रु, सवारीचालक र पैदलयात्रुलाई सचेतना दिने उद्देश्यले सुरु गरिएको सप्ताहव्यापी कार्यक्रमको उद्घाटन गरे ।

ललितपुरका प्रमुख जिल्ला अधिकारी रमेशप्रसाद ढकालले आमनागरिकको दैनिकीलाई व्यवस्थापन गर्न नसक्दा समस्या भई यात्रामा अहजता सृजना गर्ने भन्दै ट्राफिक सचेतनाले जोखिम घटाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

‘सचेतामस्लक काम सबैले मिलेर गर्नुपर्छ, यस्ता काममा जिल्ला प्रशासनको सहयोग र समन्वय रहनेछ, ट्राफिक नियम बुझेर परिपालन गरेको खण्डमा दुर्घटनामा कसैले पनि ज्यान गुमाउनु पर्दैन । सवारीसाधनको नियमित मर्मत र नियम पालना महत्वपूर्ण छ, यो असल अभ्यासको सुरुआत गरेकामा महानगरलाई धन्यवाद दिन चाहान्छु’, उनले भने ।

प्रजिअ ढकालले ललितपुरमा स्मार्ट र इन्टेलिजेन्ट ट्राफिक लाइटको सुरुआत भइसकेकामा त्यहीअनुसार चालक र यात्रीले व्यवहार र कार्यशैलीमा पनि उतार्नुपर्नेमा जोड दिए ।

काठमाडौँ उपत्यकाका प्रहरी प्रमुख ध्रुवबहादुर राउतले सडक दुर्घटनामा हाल देशमा प्रत्येक दिन सात जनाले ज्यान गुमाउनुपरेको तथ्याङ्क प्रस्तुत गर्दै सचेतनाका माध्यमबाट ज्यान जाने अवस्था न्यूनीकरण गर्न सकिने धारणा राखे । उनले ट्राफिक नियम पालनामा सबैले ‘म’बाट परिवर्तनको सुरुआत गर्नुपर्नेमा जोड दिए ।

उपत्यकाका ट्राफिक प्रहरी प्रमुख विनोद घिमिरेले सुरक्षित समाज निर्माणका लागि ट्राफिक नियम पालन अनिवार्य रहेको बताए । उनले सडक दुर्घटना बढेको बताउँदै गत पुसमा मात्रै काठमाडौँ उपत्यकामा सडक दुर्घटनाबाट २० जनाको ज्यान गएको जानकारी गराए । उनका अनुसार दुर्घटनामा मृत्यु हुनेमध्ये सबैजसो दुईपाङ्ग्रे सवारी चलाउने रहेका छन् ।

‘सडक दुर्घटना भयावह छ, पुसमा मात्रै उपत्यकामा २० जनाको मृत्यु भएको छ, १७ जना गम्भीर घाइते भएका छन्, यस्तो घटनाले परिवार र समाजलाई नकारात्मक असर गर्छ, त्यसैले जीवनरक्षा र सुरक्षित यात्राका लागि ट्राफिक नियम पालना गरौँ’, ट्राफिक प्रहरी प्रमुख घिमिरेले भने ।

उनले नेतृत्व राम्रो हुँदा विकासले गति लिने भन्दै युरोपको झल्को दिनेगरी विकास भइरहेको ललितपुर महानगरले ट्राफिक सचेतनासँगै हरेक नागरिकको जीवनको रक्षा गर्दै युरोपभन्दा राम्रो सहरका रूपमा पहिचान स्थापित गर्न सफल हुने विश्वास व्यक्त गरे ।

उनले ‘नो हर्न’ नीतिका कारण दुर्घटनामा कमी आएका उल्लेख गर्दै तीव्र गति दुर्घटनाको प्रमुख कारण रहेको जानकारी दिए ।

शून्य दुर्घटना कायम गर्नसके अभियान सफल हुने भन्दै उनले यसका लागि विद्यार्थीमा सचेतना जगाउनु अनिवार्य भएको बताए ।

ललितपुर प्रहरी प्रमुख श्यामकृष्ण अधिकारी र निजी तथा आवासीय विद्या अर्गनाइजेसन ललितपुर महानगरका अध्यक्ष अर्जुन महर्जनले अभियानमा पूर्ण साथ सहयोग र समर्थन रहने प्रतिबद्धता व्यक्त गरे । रासस

# कानूनले दिएको अधिकार उपयोग गर्न मन्त्री दाहालको निर्देशन



**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नहिच्किचाईकन कानुनले दिएको अधिकार उपयोग गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । नियत सफा राखेर दायित्वलाई नबिर्सी कानुनले दिएको अधिकार उपयोग गर्न उनले आग्रह गरेका थिए ।

नेपाल निजामती कर्मचारी संगठन, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको विभागीय समितिको कार्यक्रममा मन्त्री दाहालले शीघ्र सेवा र तीव्र विकासको मर्मलाई आत्मसात् गर्न आग्रह गरेका थिए । ‘कर्मचारीले आफ्नो अधिकार र दायित्वलाई नभुली कार्य सम्पादन गर्नुपर्छ,’ उनले भने ।

सरकार गठन भएको ६ महिनाको अवधिमा सरकारले थुप्रै काम गरेको मन्त्री दाहालको भनाइ थियो । काठमाडौं तराई–मधेश द्रुत मार्गमा पर्ने धेद्रे सुरुङ तथा सिद्धबाबाको सुरुङ छिचोलिएको, नागढुंगा सुरुङ मार्ग सञ्चालनका लागि ‘मोडालिटी’ तयार भइरहेको, मुग्लिन–पोखरा तथा, नारायणघाट–बुटवल सडक निर्माणले गति लिएको, केही प्रमुख विधेयक संसद्को यही हिउँदे अधिवेशनमा पेस हुने अवस्थामा पुगेको उनले उल्लेख गरेका थिए ।

बिपी राजमार्गसहितका सडक बाढी–पहिरोले क्षत–विक्षत गरे पनि तुरुन्त यातायात सञ्चालनको अवस्थामा ल्याइएको, बेलिब्रिज धमाधम जडान भएको र भइरहेका भन्दै मन्त्री दाहालले आगामी वर्षायाममा सहज रुपमा यातायात सञ्चालनको वातावरण बनाउन मन्त्रालय लागिपरेको उल्लेख गरेका थिए ।

कार्यक्रममा मन्त्रालयका सचिव केशवकुमार शर्माले कर्मचारी संगठन तथा ट्रेड युनियन सृजनशील हुन सके कार्य सम्पादन चाँडो र प्रभावकारी हुनसक्ने बताए । कर्मचारी अगुवाहरूले संसद्को आगामी अधिवेशनबाट संघीय निजामती सेवा ऐन पारित हुनुपर्नेमा जोड दिए । रासस

# सभापति देउवाद्वारा पौडेलको निधनप्रति दुःख व्यक्त

**काठमाडौं ।**
नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका पुराना नेता एवं पूर्वसांसद डा शङ्करप्रसाद उप्रेतीको निधनप्रति दुःख व्यक्त गरेका छन् । काँग्रेस झापाका नेता डा.उप्रेतीको शनिबार राति ८८ वर्षका उमेरमा काठमाडौँमा निधन भएको हो ।

सभापति देउवाले आइतबार शोक विज्ञप्तिमार्फत उनको निधनबाट आफूले एक पुरानो साथी, पार्टीले एक निष्ठावान् अग्रज र समाजले अथक समाजसेवी गुमाएको जनाएका छन् । सभापति देउवाले उनीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका छन् । विसं २०४६ को परिवर्तनपछि कांग्रेसका तर्फबाट छ वर्षसम्म राष्ट्रियसभाका सदस्य रहेका उप्रेतीले पञ्चायत विरोधी आन्दोलनका क्रममा पटकपटक कारागार भोगेका थिए ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका उप्रेतीले चिकित्सकका रुपमा विसं २०१८ मा कैलालीको धनगढीबाट सेवा शुरु गरेर पछि भोजपुर हुँदै झापाको शनिश्चरेमा आफ्नै घरमा क्लिनिक स्थापना गरी करीब ५० वर्ष चिकित्सा सेवा गरेका थिए ।

आर्थिक रुपले सामान्य स्थितिमा रहेका जोकोही नागरिकले उनीबाट निःशुल्क उपचार पाउने गरेका थिए । उनको आजै पशुपतिमा दाहसंस्कार गरिएको छ । स्व. उप्रेतीका छोरा प्रा. डा. सञ्जीव उप्रेती रहेका छन् । रासस

# नेपाल–भारतबीचको सम्बन्ध साझेदारीमा आधारित

**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाल र भारतबीचको सम्बन्ध साँचो मित्रता र साझेदारीमा आधारित रहेको बताएका छन् ।

भारतको ७६ औँ गणतन्त्र दिवसका अवसरमा भारतीय पेन्सन वितरण कार्यालय पोखराद्वारा आइतबार पोखरामा आयोजित विशेष समारोहमा उनले आपसी विश्वास, सम्मान र सहकार्यले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गरे ।

गण्डकी प्रदेशभित्र शिक्षा, स्वास्थ्य, धार्मिक, सांस्कृतिकलगायत क्षेत्रमा भारत सरकार र मातहतका निकायबाट प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा प्राप्त सहयोगप्रति मुख्यमन्त्री पाण्डेले आभार व्यक्त गरे ।

भारतीय सेनामा नेपालको गण्डकी प्रदेशबाटै ठूलो सङ्ख्यामा सहभागिता रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले यहाँस्थित पेन्सन वितरण कार्यलय यस क्षेत्रको महत्वपूर्ण संस्थाका रुपमा अघि बढेको बताए । आपसी निकटता र पारिवारिक सम्बन्धले दुई देशलाई अझ नजिक तुल्याएको बताउँदै उनले दुई देशबीचको खुला सिमानाका कारण रोजगारी, पर्यटन प्रवद्र्धन, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सहयोग आदानप्रदान भइरहेको उल्लेख गरे ।

दुई देशबीचको सांस्कृतिक एवं ऐतिहासिक सम्बन्ध हजारौँ वर्षदेखिको भएको उल्लेख गर्दै मुख्यमन्त्रीले यी विषय रामायाण, महाभारतमासमेत उल्लेख भएको बताए ।

भारतीय पेन्सन वितरण कार्यालय पोखराका प्रमुख प्रशान्तसिंह बघेलले विश्वमा बहादुरी, बफादारी र कर्तव्यनिष्ठाका लागि प्रसिद्ध गोर्खाली सैनिक रहेका भन्दै सैनिक आश्रित परिवारको सेवारत एवं सेवानिवृत्तपश्चात् पनि आवश्यक सेवा र सुविधालाई सधैँ उच्च प्राथमिकताका साथ कार्यालयले हेर्दै आएको बताए ।

भारतीय सेनाको इतिहासमा नेपालबाट सबैभन्दा बढी गोर्खाली सैनिकको सहभागिता गण्डकी प्रदेशको विभिन्न जिल्लाबाट भएको जनाउँदै उनीहरूले देखाएको बहादुरी र इमान्दारीता प्रशंसायोग्य रहेको बघेलले बताए ।

पेन्सन वितरण कार्यालय पोखराले सन् २०२४ मा शिक्षा, स्वास्थ्यलगायत अन्य कल्याणकारी योजनामा सहयोग गरेको बताउँदै उनले त्यसका अतिरिक्त ३५ अर्ब प्रदेशका भुपूहरूको पेन्सन मात्र पठाउने गरिएको जानकारी दिए । भारत सरकारले नेपालमा रहेका भुपू सैनिकहरूका लागि धेरै सकारात्मक र प्रभावकारी योजना लागू गर्दै आएको उनले उल्लेख गरे ।

कार्यालय प्रमुख बघेलका अनुसार भारत सरकारले नेपालको शिक्षा, स्वास्थ्यका लागि एम्बुलेन्स, स्कुल बस, खानेपानी, बिजुली, शौर्य ऊर्जालगायत क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको छ ।

कार्यक्रममा नेपाल भारतीय गोर्खा सैनिक बोर्डद्वारा प्रकाशित ‘जर्नल भुपू २०२५’ लोकार्पण गरिएको थियो । त्यस अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमका साथै अमर प्राप्त गोर्खा सैनिकका सन्ततिलाई सम्मानका र विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । रासस

# सभामुख र सत्तापक्ष दलका प्रमुख सचेतकबीच छलफल

**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले राष्ट्रियसभाबाट पास भइ प्रतिनिधिसभामा आएका विधेयकबारे प्रमुख सत्तापक्ष दल नेपाली कांग्रेस र नेकपा (एमाले)सँग छलफल गर्नुभएको छ । सभामुख घिमिरेले आइतबार कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरे र एमाले प्रमुख सचेतक महेशकुमार बर्तौलालाई सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा आमन्त्रण प्रतिनिधिसभामा रहेको संवैधानिक परिषद्सम्बन्धी विधेयक र मर्यादासम्बन्धी विधेयकका विषयमा धारणा माग गरेका हुन् ।

‘सभामुखले राष्ट्रियसभाबाट पारित भएर आएका संवैधानिक परिषद्सम्बन्धी विधेयक र मर्यादासम्बन्धी विधेयकलगायत प्रतिनिधिमै अड्किएका अन्य विधेयकबारे धारणा माग गर्नुभएको छ, त्यसबारेमा पार्टीमा छलफल गरेर सोमबार फेरि सभामुखसँग बस्नेगरी आजको छलफल टुङ्गिएको छ’, कांग्रेस प्रमुख सचेतक घिमिरेले भने ।

एमाले प्रमुख सचेतक बर्तौलाले भने संसद्मा विचाराधीन सबै विधेयक अघि बढ्ने बताएका थिए ।

संसद्को हिउँदे अधिवेशन यही माघ १८ गतेका लागि आह्वान गरिएको छ ।

संसद्को हिउँदे अधिवेशनको पहिलो दिन प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन गर्ने प्रमुख सचेतक बर्तौलाले जानकारी दिए ।

संसद्को हिउँदे अधिवेशनको मिति नजिकिएसँगै सभामुख घिमिरेले आफ्नो सक्रियता बढाएका छन् । रासस

# प्रधानमन्त्रीद्वारा भारतीय समकक्षीलाई ७६ औँ गणतन्त्र दिवसको शुभकामना



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले भारतको ७६ औँ गणतन्त्र दिवसको अवसरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई शुभकामना व्यक्त गरेका छन् ।

सामाजिक सञ्जाल (एक्स) मार्फत प्रधानमन्त्री ओलीले गणतन्त्र दिवसको अवसरमा भारतीय समकक्षी मोदी र भारतीय जनतालाई आफ्नो न्यानो बधाईका साथै शुभकामना व्यक्त गरेका हुन् ।

सन्देशमा प्रधानमन्त्री ओलीले लोकतन्त्र र राष्ट्रिय एकताको आदर्श सधैँ फस्टाउँदै जाने विश्वास व्यक्त गरेका छन् । साथै उनले दुई देशबीचको मित्रताको सम्बन्धलाई अझ गहिरो बनाउँदै जाओस् भन्ने कामना गरेका छन् ।

यसैबीच, परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले पनि भारतको ७६ औँ गणतन्त्र दिवसका अवसरमा बधाई तथा शुभकामना व्यक्त गरेकी छन् ।

उनले आफ्ना भारतीय समकक्षी एस जयशङ्करमार्फत भारतीय जनता र सरकारलाई यस अवसरमा निरन्तर प्रगति, समृद्धि र उन्नतिका लागि शुभकामना व्यक्त गरेकी हुन् ।

मन्त्री डा.राणाले सामाजिक सञ्जालमार्फत घनिष्ठ छिमेकीका रूपमा, शताब्दीऔँको साझा इतिहास, पारस्परिक सम्मान र विभिन्न क्षेत्रमा सहयोगको माध्यमबाट मित्रताको बलियो बन्धन र घनिष्ठ सम्बन्ध अनवरत रहेको उल्लेख गरिन् । आगामी वर्षहरूमा यी सम्बन्धहरू अझ थप सुदृढ हुँदै जाने उनले विश्वास व्यक्त गरिन् ।

रासस

# राजस्व संकलनमा चाप छ, लक्ष्य भेट्ने गरी काम गरौँ




**काठमाडौँ ।**
उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारी राजस्व संकलनमा गत वर्षको तुलनामा केही सुधार देखिए पनि चालू आर्थिक वर्षको लक्ष्य भेट्न नसकेको बताएका छन् ।

भन्सार विभागले आइतबार आयोजना गरेको ७३ औँ अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा अर्थमन्त्री पौडेलले राजस्व संकलनमा राखेको वार्षिक लक्ष्य पूरा गर्न चाप देखिएकाले भन्सारलगायत कर प्रशासनले चुस्त रूपमा काम गर्नुपर्ने बताए ।

‘अहिले हामी राजस्वको लक्ष्यका हिसाबले चापमा छौँ । गत वर्षको तुलनामा केही बढेको भएपछि यस वर्षका लागि तोकिएको लक्ष्यअनुसार सन्तोषजनक छैन । हामीले यो वर्षका लागि निर्धारण भएको लक्ष्य भेट्ने गरी काम गर्नुपर्छ,’ अर्थमन्त्री पौडेलले भने ।

सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न, निजी क्षेत्रको मनोबल उकास्न र लगानीयोग्य वातावरण सिर्जना गर्न सरकारले अध्यादेशमार्फत केही कानुनहरू ल्याएकामा निजी क्षेत्रबाट पनि सरकारको यो कदमको स्वागत भएको उनको भनाइ थियो । मुलुकको आर्थिक विकास र समृद्धिका लागि सरकारले निरन्तर प्रयास गरिरहेको पनि अर्थमन्त्री पौडेलले स्पष्ट पारे ।

‘अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्ने, उत्पादन–उत्पादकत्व र आर्थिक वृद्धिका लागि सरकारले चालेको यो कदम अन्तिम होइन । यस्ता कदम थप चाल्दै जानेछौँ,’ उनले भने, ‘यो सरकार बन्दै गर्दा अर्थतन्त्रमा जुन निराशा र शिथिलता थियो, त्यसलाई चिर्न सरकार सफल भएको छ । निराशालाई आशामा बदलेर अर्थतन्त्रमा गतिशीलता दिनुपर्छ भन्ने दिशामा सरकार निर्देशित छ । सबैले यही भावनाका साथ काम गरौँ ।’

भन्सार कार्यालय र सुरक्षा निकायबिच समन्वय बढाउनुपर्नेमा पनि अर्थमन्त्री पौडेलले जोड दिए । ‘लक्ष्यअनुसार राजस्व संकलन गर्नका लागि सुरक्षा संयन्त्र र भन्सार प्रशासनबिच समन्वय आवश्यक छ । सरकारले तपाईंहरूले गरेको कामको परिणामका आधारमा मूल्यांकन गर्छ,’ अर्थमन्त्री पौडेलले भने ।

राजस्वसचिव दिनेशकुमार घिमिरेले भन्सार प्रशासन सुधारका लागि प्रविधिको प्रयोग बढाउँदै लैजाने र जाँचपास प्रक्रियालाई सहज बनाउन सरकार गम्भीर रहेको बताए । ‘भन्सार प्रशासनको कार्यक्षमता बढाउने विषयमा हामी गम्भीर छौँ ।

कर्मचारीको तजबिजी अधिकार घटाउनका लागि कार्यदक्षता बढाउनुपर्ने र प्रविधिको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यसका लागि जाँचपासमा ‘ब्लकचेन’ प्रविधिलाई प्रयोग गरेर अघि बढ्नुपर्नेबारे मन्त्रालयले सोचिरहेको छ,’ उनले भने, ‘एकीकृत भन्सार प्रणालीलाई अघि बढाउने र सन्दर्भ मूल्य–सूचीसम्बन्धी व्यवस्थालाई अब कसरी अघि बढाउने भनेर पनि आन्तरिक गृहकार्य भइरहेको छ ।’ भन्सार प्रशासनलाई पूर्ण स्वचालित बनाउनका लागि प्रविधिको प्रयोग बढाउँदै लगिएको उनको भनाइ छ ।

भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनीले वार्षिक लक्ष्यअनुसार राजस्व उठाउन विभागले अधिकतम प्रयास गरिरहेको बताए । ‘उन्नत प्रविधिको प्रयोगबाट भन्सार प्रशासन चुस्त बनाउने, व्यापार सहजीकरण र लागत घटाउने, अन्तर्राष्ट्रियस्तरको सेवा दिनेलगायत कुरामा हामी सचेत छौँ,’ महानिर्देशक पुडासैनीले भने, ‘यसमा निजी क्षेत्रबाट पनि आवश्यक सहयोग हुने हो भने राज्यले दिएको लक्ष्यअनुसार हामी राजस्व उठाउन सक्छौँ ।’

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भन्सार प्रशासनलाई निजीक्षेत्रमैत्री र सेवाग्राही अनुकूल बनाउन सक्नुपर्ने बताए । भन्सार जाँचपासका क्रममा प्रक्रियागत झन्झट हटाइनुपर्ने, कर्मचारीको तजबिजी अधिकार हटाइनुपर्ने, प्रविधिको प्रयोगमा जोड दिनुपर्नेलगायत सुझाव ढकालले दिए ।

‘अर्थतन्त्र चलायमान हुँदा राजस्व आफैँ बढ्ने भएकाले सरकारले स्वच्छ र प्रतिस्पर्धी व्यवसाय प्रवद्र्धनमा जोड दिनुपर्छ । भन्सार दर उच्च हुँदा खुला सिमानाबाट चोरी पैठारी बढेको छ । यसको असर राजस्वमा पनि परेको छ,’ ढकालले भने, ‘जाँचपासका लागि अत्याधुनिक उपकरणको प्रयोग गर्ने, जाँचपास परीक्षणको समयसीमा घटाउने, कारोबार मूल्यका आधारमा जाँचपास गर्ने र सन्दर्भ मूल्य–पुस्तिका हटाउनुपर्नेलगायत सुझाव निजी क्षेत्रले दिँदै आएको छ । यी विषयहरू सरकारले भन्सार ऐन संशोधन र आगामी आर्थिक वर्षको बजेट बनाउँदा सम्बोधन गर्नेछ भन्नेमा निजी क्षेत्र आशावादी छ ।’ तयारी वस्तुभन्दा कच्चापदार्थमा एक तह कम भन्सार लगाइनुपर्ने व्यवस्था प्रभावकारी कार्यान्वयन हुन नसकेको अध्यक्ष ढकालले बताए ।

त्यस्तै, उत्पत्तिको प्रमाणपत्रलाई पनि एकद्वार प्रणालीभित्र आबद्ध गरिनुपर्ने, एकीकृत भन्सार जाँचचौकी (आसिपी)को संख्या बढाइनुपर्ने, चोभार सुक्खा बन्दरगाहलाई बढी सक्रिय बनाउनुपर्नेलगायत सुझाव उनले दिए । सरकारले केही समयअघि अध्यादेशबाट ल्याएका कानुनी व्यवस्थालाई निजी क्षेत्रले स्वागत गरेको र यसले नीतिगत र प्रक्रियागत झन्झट कम गर्न मद्दत पु¥याउने विश्वास उनले व्यक्त गरे ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले भन्सार प्रशासनको नीतिगत र व्यावहारिक सुधार आवश्यक रहेको बताए । भन्सार जाँचपासका क्रममा प्रयोग हुने सन्दर्भ मूल्य–पुस्तिका हटाएर कारोबार मूल्यलाई नै आधार बनाएर जाँचपास गरिनुपर्ने उनको सुझाव छ ।

त्यस्तै, पछिल्लो समय चोरीपैठारी बढ्दा सीमा क्षेत्रका बजारको व्यापार घटेको, तर सीमापारिका बजार बढेको उनले बताए । अन्तर्राष्ट्रिय अभ्यासअनुसार हार्मोनाइज्ड कोड (एचएस कोड) १० अंकको बनाइनुपर्ने र सबै भन्सार कार्यालयहरूमा सुविधासम्पन्न ‘क्वारेन्टाइन ल्याब’ निर्माण गरिनुपर्ने आवश्यकता उनले औँल्याए ।

नेपाल समुद्रपार निकासी पैठारी संघका अध्यक्ष शिवकुमार अग्रवालले व्यापार सहजीकरणका लागि सरकार र निजी क्षेत्रबिच सहकार्यको आवश्यकता औँल्याए । संसदमा विचाराधीन भन्सार विधेयकमा निजी क्षेत्रको चासो सम्बोधन हुने र राजस्व परामर्श समितिमा संघको प्रतिनिधित्व हुनुपर्नेमा उनले जोड दिए ।

अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा विभागले क्युआर कोडसहितको प्रज्ञापनपत्र र एक्जिम कोड प्रणाली कार्यान्वयनमा ल्याएको छ । त्यस्तै, विभागले भन्सार स्मारिका र परिपत्रसंग्रह सार्वजनिक गरेको छ । रासस

# विद्युत् महसुल नतिर्ने ग्राहकका लाइन काटिए

**चितवन ।**
नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रले एक हजार ३६८ ग्राहकको लाइन काटेको छ । समयमा विद्युत् महसुल नबुझाएका उनीहरूको लाइन गत साउनयता काटिएको हो ।

कार्यालयका प्रमुख ई. रामु श्रेष्ठका अनुसार साउनदेखि पुस मसान्तसम्म महसुल नतिर्ने उनीहरूको लाइन काटिएको हो । यस अवधिमा एक हजार ४५६ जनाले बक्यौता रकम तिरेका छन् । उनीहरूबाट दुई करोड ८२ लाख २१ हजार ९१६ रुपैयाँ राजस्व संकलन भएको छ ।

प्रमुख श्रेष्ठका अनुसार एक हजार ६६८ जना ग्राहकबाट चार करोड १३ लाख ९५ हजार पाँच सय ६७ रुपैयाँ बक्यौता उठाउन बाँकी थियो । वितरण केन्द्रले पुस मसान्तसम्म २८१ ग्राहकलाई कालोसूचीमा राखेको छ ।

उनीहरूबाट एक करोड पाँच लाख ४६ हजार १८८ रुपैयाँ बक्यौता उठाउन बाँकी छ । वितरण केन्द्र प्रमुख श्रेष्ठले भने, ‘नेपाल विद्युत् प्राधिकरणको प्रचलित विनियमअनुसार ६ महिनासम्म महसुल नबुझाएका ग्राहकलाई कालोसूचीमा राख्ने प्रावधान छ ।’

भरतपुर वितरण केन्द्रमा मासिक महसुल बुझाउने ग्राहकमध्ये ६२ प्रतिशतले अहिले अनलाइनबाट महसुल बुझाउने गरेका छन् । यस केन्द्रमा हाल ७२ हजार बढी ग्राहक छन् । रासस

# एन्फा यु–१६ युथ लिग फुटबलः चर्च ब्वाइजले पुलिसलाई हरायो

**काठमाडौँ ।**
एन्फा यु–१६ युथ लिग फुटबल प्रतियोगितामा चर्च ब्वाइज युनाइटेड क्लबले विभागीय टोली नेपाल पुलिस क्लबलाई पराजित गरेको छ । ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतबार सम्पन्न खेलमा चर्च ब्वाइजले पुलिसमाथि ४–१ को जित निकाल्दै प्रतियोगितामा पाँचौं जित दर्ता गराएको हो । जितसँगै चर्च ब्वाइजले सात खेलबाट १८ अङ्क जोडेको छ । पराजित पुलिसको समान खेलबाट १३ अङ्क रहेको छ ।

चर्च ब्वाइजको जितमा सनिल मगरले दुई गोल गरे भने अनिशकुमार मगर र सुशान्त थापामगरले एक एक गोल गरे ।

पुलिसका लागि रोहन पोखरेलले सान्त्वना गोल गरे । खेलको चौथो मिनेटमै चर्च ब्वाइजले सुशान्त थापामगरको गोलमार्फत सुरुआती अग्रता लियो । त्यसपछि खेलको २६औँ मिनेटमा चर्च ब्वाइजका अनिशकुमार मगरले गोल गरे । खेलको ३७औँ मिनेटमा सनिल मगरले गोल गरेपछि खेलको पहिलो हाफमा चर्च ब्वाइजले पुलिसमाथि ३–० गोलको अग्रता बनायो ।

खेलको ६९ औँ मिनेटमा सनिल मगरले व्यक्तिगत दोस्रो तथा टोलीका लागि चौथो गोल गरे । खेलको ७१ औँ मिनेटमा पुलिसका रोहन पोखरेलले सान्त्वना गोल फर्काए । रासस

# ‘गाजालाई ‘खाली गर्ने’ ट्रम्पको योजना’



**मियामी ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजालाई ‘खाली गर्ने’ योजना अघि सारेका छन् । मध्यपूर्वमा शान्ति स्थापनाका लागि इजिप्ट र जोर्डनले प्यालेस्टिनीलाई त्यहाँबाट हटाउनु उचित भएको बताएका हुन् ।

इजरायल–हमास युद्धपछि गाजालाई ‘विध्वंसस्थल’ को संज्ञा दिँदै ट्रम्पले जोर्डनका राजा अब्दुल्लाह द्वितीयसँग यस विषयमा कुरा भएको र इजिप्टका राष्ट्रपति अब्देल फताह अल–सिसीसँग कुरा गर्ने योजना रहेको बताए ।

‘इजिप्टले गाजामा रहेका आफ्ना मानिसहरूलाई लिएर जाओस् र जोर्डनले पनि त्यसै गरोस् भन्ने म चाहन्छु,’ ट्रम्पले एयर फोर्स वनमा पत्रकारहरूसँगको कुराकानीमा भने ।

‘तपाईं शायद १५ लाख मानिसहरूको बारेमा चिन्ता व्यक्त गर्दै हुनुहुन्छ, र हामी त्यो सबै खाली गर्न चाहन्छौँ । तपाईंलाई थाहा छ, शताब्दियौंदेखि यो स्थानमा धेरै सङ्घर्षहरू थिए । मलाई थाहा छैन तर त्यहाँ केही हुनुपर्छ,’ उनले भने ।

सन् २०२३ को अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणपछि शुरु भएको युद्धका कारण गाजाका २४ लाख जनसङ्ख्यामध्ये अधिकांश विस्थापित भएका छन् ।

ट्रम्पले गाजाका बासिन्दालाई स्थानान्तरण गर्नु ‘अस्थायी वा दीर्घकालीन पनि’ हुन सक्ने बताएका छन् ।

राष्ट्रपति ट्रम्पले भने, ‘यो वास्तवमै अहिले भत्काइने ठाउँ हो, लगभग सबै ध्वस्त भएको छ र मानिसहरू त्यहाँ मरिरहेका छन् ।’‘त्यसैले म बरु केही अरब राष्ट्रहरूसँग वार्ता गर्न चाहन्छु र फरक स्थानमा आवास निर्माण गर्न चाहन्छु जहाँ उनीहरू परिवर्तनसँगै शान्तिसाथ बस्न सकून्,’ उनले थपे ।

पूर्व अमेरिकी राष्ट्रपति जो बाइडनको प्रशासनको अन्तिम दिन इजरायल र हमासबीच भएको युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता दोस्रो हप्तामा प्रवेश गरेको बेला उनको उक्त भनाइ आएको हो ।

ट्रम्प प्रशासनले इजरायललाई ‘अटूट समर्थन’ गर्ने वचन दिएको छ तर मध्यपूर्व नीतिको विस्तृत विवरण भने सार्वजनिक गरेको छैन ।

राष्ट्रपति ट्रम्पले आफ्ना पूर्ववर्ती बाइडेनले रोकेको इजरायलका लागि दुई हजार पाउण्ड बराबरको बम पठाउन पेन्टागनलाई आदेश दिएको शनिबार पुष्टि गरेका छन् ।

‘हामीले त्यसलाई छोडिदियौँ । हामीले त्यसलाई आज पठाएका छौँ,’ ट्रम्पले इजरायलले माग गरेका र पूर्ववर्ती सरकारले रोकेका विष्फोटक पदार्थ इजरायलतर्फ पठाइएको पुष्टि गर्दै भने । उनले भने, ‘उनीहरूले त्यस (विष्फोटक पदार्थ) का लागि पैसा तिरी लामो समयदेखि पर्खिरहेका छन् ।’

सन् २०२३ को अक्टोबरमा प्यालेष्टिनी इस्लामी समूह (हमास)ले इजरायलमाथि गरेको आक्रमणपछि इजरायलको प्रतिशोधात्मक आक्रमणले प्यालेष्टिनी भूभागको अधिकांश भाग भग्नावशेषमा परिणत भएको छ र पूर्वाधारहरू ध्वस्त भएका छन् । संयुक्त राष्ट्रसङ्घले पुनर्निर्माणमा धेरै वर्ष लाग्ने अनुमान गरेको छ । रासस

# कोइलाबास नाकामा चहलपहल घटेसँगै राजस्व पनि घट्यो



**दाङ ।**
कोइलाबास भन्सार कार्यालयमा राजस्व संकलन घटेको छ । कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१÷८२ को ६ महिनामा ७१ लाख रूपैयाँमात्र राजस्व संकलन गरेको छ ।

नाकामा भारतीय पक्षबाट कडाइ गरिँदा आवतजावत कम भएकाले राजस्व पनि कम उठेको कार्यालयले जनाएको छ । ‘भारत प्रवेश गर्दा कडाइ गरेका कारण यहाँबाट आवतजावत गर्नेको सङ्ख्या घट्दै गएको छ’, कार्यालयका निमित्त प्रमुख वसन्त रजौरेले भने । यो बाटो भएर भारत प्रवेश गर्दा नेपाली नागरिकता, लाइसेन्सजस्ता सक्कली कागजपत्र भारतीय सुरक्षाकर्मीले राखिदिने गरेको स्थानीयको गुनासो रहेको छ ।

गत साउनमा १२ लाख राजस्व उठाउने लक्ष्य कार्यालयले लिएको थियो । यसमा नौ लाख रूपैयाँ राजस्व उठेको थियो । यो लक्ष्यको ७६ प्रतिशत हो । लक्ष्यभन्दा दुई लाख ७६ हजार रूपैयाँ कम राजस्व संकलन भएको छ । भदौमा १३ लाख रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो ।

यसमा ६ लाख रूपैयाँ राजस्व संकलन भएको छ । लक्ष्यभन्दा सात लाख रूपैयाँ कम राजस्व संकलन भएको छ । असोजमा १३ लाख २६ हजार रूपैयाँ संकलन गर्ने लक्ष्य लिएकामा सात लाख रूपैयाँ संकलन भएको छ । यो लक्ष्यभन्दा ६ लाख रूपैयाँ कम हो ।

कात्तिकमा १२ लाख ८९ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकामा नौ लाख रूपैयाँ संकलन भएको छ । यो ७०.९० प्रतिशत हो । तर पनि लक्ष्यभन्दा तीन लाख रूपैयाँ कम राजस्व संकलन भएको छ । मङ्सिरमा १३ लाख ६८ हजार रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकामा नौ लाख रूपैयाँ संकलन भएको छ । यो ६५.१४ प्रतिशत हो । लक्ष्यभन्दा चार लाख ७६ रूपैयाँ कम राजस्व संकलन भएको छ ।

पुसमा १३ लाख रूपैयाँ को लक्ष्य लिएकामा ३० लाख रूपैयाँ संकलन गरिएको छ । यो लक्ष्यको दुईसय २९ दशमलव ९२ प्रतिशत बढी हो । लक्ष्यभन्दा १७ लाख रूपैयाँ बढी राजस्व संकलन भएको निमित प्रमुख रजौरे बताउँछन् । भन्सार कार्यालयले चालु आवमा एक करोड ६५ लाख रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको निमित प्रमुख रजौरेले बताए ।

कोइलाबास भन्सारको राजस्वको स्रोत भनेको अस्थायी पैठारी हो । भारतीय सवारीसाधनबाट उठाउने राजस्व नै प्रमुख स्रोतका रूपमा लिइएको उनले बताए । भारतबाट नेपाल आउने गाडीलाई दैनिक ६ सय र मोटरसाइकलबाट प्रतिदिन दुईसय रूपैयाँ लिने गरेको उनले बताए ।

भारतबाट नेपाल प्रवेश गर्ने सवारीसाधनबाट र केही खाद्यान्नलगायत अन्य सामग्रीबाट उठ्ने गरेको भन्सार कार्यालयले जनाएको छ ।

भारतबाट कोइलबास क्षेत्रसँगै रामजानकी मन्दिर, प्युठानको स्वर्गद्वारी मन्दिर, दाङको चौघेरा मन्दिरलगायत ठाउँमा पूजापाठ तथा घुमफिरका लागि आउने मानिसले प्रयोग गर्ने सवारीसाधनबाट बढी मात्रामा राजस्व संकलन हुने गरेको कार्यालयले जनाएको छ । रासस

# चुरोट सेवन गर्नेलाई तीनगुणा बढी हृदयाघात



**शरद् शर्मा**
**काठमाडौँ।**

सुर्तीजन्य पदार्थ सेवन गर्नेलाई तीनगुणा बढी हृदयाघातको सम्भावना हुने गरेको पाइएको छ । सुर्तीजन्य पदार्थको सेवन नगर्नेको तुलनामा सेवन गर्नेलाई तीनगुणा बढी हृदयाघात हुने सम्भावना हुने गरेको पाइएको हो। हृदयाघात चुरोट सेवन गर्ने, मधुमेह, कोलेस्टेरोल र उच्चरक्तचाप भएका मानिसमा बढी हुन्छ । तीमध्ये चुरोट पिउने मानिसमा हृदयाघात हुने सम्भावना बढी हुने गरेको सहिद गङ्गलाल हृदय राष्ट्रिय केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा चन्द्रमणि अधिकारीले जानकारी दिए ।  अहिले युवा अवस्थामा नै चुरोट सेवन गर्नेक्रम बढेसँगै हृदयाघातका घटनाहरु पनि धेरै नै हुने गरेको छ । उनका अनुसार सुर्तीजन्यपदार्थको सेवन गर्ने ५० वर्षभन्दा मुनिका आठगुणा, ५० देखि ६५ वर्ष उमेर समूहका लागि पाँचगुणा र ६५ वर्षभन्दा माथिका तीनगुणा बढी हृदयाघात हुने सम्भवाना रहन्छ । यस्तै ४९ वर्ष मुनि सुर्तीजन्यसेवन गर्ने महिलालाई १३ गुणाबढी सेवन नगर्नेको तुलनामा बढी हृदयाघात हुने गरेको छ । अध्ययनअनुसार नेपालमा ४८ दशमलव ६ प्रतिशत पुरुष र १५ दशमलव ३ प्रतिशत महिलाले चुरोट सेवन गर्ने गरेका छन् । जाडोयाममा युवाहरुले चुरोट बढी सेवन गर्ने गर्दछन् । उनले चुरोट सेवनलाई छाड्ने हो भने हृदयाघातको सम्भवना पनि कम हुने बताउँछन् । उनका अनुसार चुरोट सेवन गर्न छाडेको २० मिनेटमा मानिसको उच्च रक्तचाप सामान्य हुने, तीन दिनमा श्वास फेर्न सजिलो हुने र एक वर्षमा हृदयाघातको सम्भावना आधा घट्ने हुन्छ । त्यस्तै चुरोट छाडेको १५ वर्षमा सामान्य मानिस जस्तै हृदयाघात हुने गर्दछ । गंगालाल अस्पतालले सन् २०१८ मा एक हजार छ सय ६० जनामा हृदयाघात भएर आएकामध्ये गरेको पछिल्लो अध्ययनअनुसार ४५ वर्षभन्दा मुनिका ११ दशमलव ८ प्रतिशतलाई हृदयाघात चुरोट सेवनका कारण भएको जनाइएको छ । यस्तै उच्चरक्तचाप ३६ दशमलव ६ प्रतिशत, मधुमेह २५ दशमलव ३ प्रतिशत र कोलस्टोरोल ७ दशमलव ८ प्रतिशतलाई हुने गरेको छ । उनले विभिन्न समयमा गरिएको अध्ययन अनुसार ४५ बर्ष मुनिका चुरोट खानेमा हृदयाघात बढदै पाइएको बताए । नेपालमा अहिले हृदयाघात बढ्दै गएको पाइएको छ । चुरोटसँगै अस्वस्थ्य खानपान, उच्चरक्तचाप, मधुमेह, कोलस्टोरोलको कारणले मुटुका विरामी बढदै गएको छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अधिकारीका अनुसार सन् १९९० को तुलनामा सन् २०१७ मा ६० प्रतिशतले मुटुका बिरामी बढ्दै गएको पाइएको छ। सन् ११९० मा हृदयाघातका कारणले ६७ जनाको मृत्यु हुने गरेको थियो भने सन् २०१७ मा सय जनाको मृत्यु हुने गरेको थियो।

अर्का वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिल भट्टराईले सुर्तीजन्य पदार्थको सेवनले हृदयाघात बढिरहेको बताए । 'चुरोट, हुक्का जस्ता सुर्तीजन्य पदार्थले गर्दा युवाहरुमा मुटुको रोग बढिरहेको छ', उनले भने, 'तारेको, भुटेको मासुले पनि हृदयाघात बढाउँछन ।' उनले चुरोट र हुक्काले रगतलाई जमाउने गरेको बताउँछन्ु, 'हुक्कालाई मानिसहरुले सामान्य रुपमा लिने गरेका छन् । यो फ्लेवर हो भनेर तान्ने गर्दछ', उनले भने, 'तर हुक्काले रक्तनलीको भित्तामा असर पुर्याउँछ । अनि हृदयाघात सम्भवना हुन्छ ।' नेपालमा हरेक वर्ष २७ हजारभन्दा बढी मानिसहरुको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको छ । अभिभावकले धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्दा बालबालिका र परिवारका अन्य सदस्यहरुमा श्वासप्रश्वाससम्बन्धी समस्या, मुटुरोग, क्यान्सरलगायतका स्वास्थ्य जोखिम बढाउँछ।



**जीवनशैलीमा आएको परिवर्तनले पनि हृदयाघात**

मानिसका जीवनशैलीमा आएको परिवर्तनले नेपालमा हृदयाघातका पनि बिरामी बढिरहेका छन् । डा भट्टराईका अनुसार निष्क्रिय जीवनशैली, चिन्ता, युवा अवस्थामा नै चुरोट, सुर्ती तथा खैनी सेवन र चिल्लो–बोसो खानाले हृदयाघातका बिरामी बढिरहेको छन् । घरभन्दा बाहिरको अस्वस्थ खानपान गर्नाले पनि हृदयाघातका बिरामी बढिरहेको चिकित्सकले बताएका छन् । गङ्गालाल अस्पतालमा अनुसार अस्पतालमा दैनिक चार जना हृदयाघात आउने गरेका छन् । अस्वस्थ खानपान, तनाव, बाहिरी प्रदूषण र वङ्शाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द भएर हृदयाघात हुने गर्दछ । 'धूमपान, मधुमेह र उच्च रक्तचाप भएका मानिसको मुटुको नली र अन्य नली बाक्लो हुँदै हृदयाघातले आक्रमण गर्छ । यस्तै कोलेस्टेरोल, शारीरिक अभ्यासको कमी पेट बढ्ने, पसिना ननिकाल्ने, तनाव, बाहिरी प्रदूषण र वङशाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द हुने गर्छ', डा अधिकारीले भने, 'स्वस्थ्य जीवनशैली अपनाउने, खाना धेरै नखाने, स्वच्छ खाने, शारीरिक अभ्यास गर्ने, चुरोट नखाने, नियमित व्यायाम गर्न सके हृदयाघातबाट बच्न सकिन्छ ।' मुटु जन्मजात बिग्रेर आउने, घाँटीको दुख्ने रोगबाट सुरु भई पछि मुटुको भल्व बिग्रने रोग (बाथ ज्वरजन्य रोग) जस्ता कारणले पनि मुटुका बिरामी हुने गरेका छन्।



**हृदयाघात भएको १२ घण्टामा जीवन बचाउन सकिन्छ**

वरिष्ठ मुटुरोग विशेषज्ञ डा अधिकारी हृदयाघात भएका बिरामी १२ घण्टाभित्र अस्पतालमा आउनसके बचाउन सकिने बताउँछन् । केन्द्रले हृदयाघात भएका बिरामीलाई २४ घण्टा नै एन्जिओप्लाष्टी गरेर बचाउने गर्छ। केन्द्रले हृदयाघात भएर आएको एक घण्टाभित्र बिरामीको एन्जिओप्लाष्टी गर्ने उनी बताउँछन्। एउटा एन्जिओप्लास्टी गर्नका लागि एक लाख ५० हजार रुपैयाँ खर्च लाग्छ। त्यति रकम तिर्न नसक्ने गरिब–असहायका लागि केन्द्रले निःशुल्क एन्जिओप्लास्टी गर्ने गरेको छ। विश्वमा स्टिमाई, एनेस्टीमाई र अनस्टेवल एन्गिना गरी तीन प्रकारका हृदयाघात हुने गर्दछन् । स्टिमाई (मुटुमा रक्तसंचार हुने नली बन्द हुने) एनेस्टीमाई (रक्तनली केही बन्द भएर हुने हृदयाघात र अनस्टेवल एन्गिना (मुटुको नशा बन्द भएको तर मासु मर्न नथालेर हुने हृदयाघात)। ती तीन हृदयाघातमध्ये पनि सबैभन्दा धेरै स्टिमाई हृदयाघात हुन्छ, जुन भएका मानिसलाई समयमा नै अस्पताल पु¬याउनसके बचाउन सकिन्छ।

यस्तै अर्को अनस्टेवल एन्गिना प्रकारको हृदयाघात पनि नेपालमा देखिने गर्दछ । 'हृदयाघात भएको मानिसका मुटुमा रगतको आपूर्ति बन्द भएपछि दुख्न थाल्छ। मुटुको मासु मरिसकुञ्जेल छाती दुख्ने गर्छ । मुटु दुखिरहेका बेलामा नै अस्पतालमा बिरामी पु¥याउनसके बचाउन सकिन्छ', उनले भने, 'बिरामी आएको १२ घण्टामा मुटुको प्राइमरी एन्जिओप्लास्टी (मुटुको नशा खोल्ने प्रविधि) शल्यक्रिया गरी नसा खोलेर बचाउन सकिन्छ।'

एनेस्टीमाई हृदयाघात भएका बिरामीलाई भने केही समयपछि मात्र उपचार गरिन्छ। त्यस्ता बिरामीलाई भर्ना गरे केही दिनपछि शल्यक्रिया गरेर बचाउन सकिन्छ । केन्द्रले प्राइमरी एन्जिओप्लास्टी गरेका बिरामीलाई चार–पाँच दिनमै अस्पतालबाट घर पठाउँछ । केन्द्रमा प्रत्येक महिना ५० जनाको प्राइमरी एन्जिओप्लास्टी गरेर हृदयाघात भएका बिरामीलाई बचाउने गरेको उनी बताउँछन् । केन्द्रमा सन् २००६ देखि एन्जिप्लास्टी हुँदै आएको छ।

**जाडोमा बढी**

जाडोमा हृदयाघात बढी हुने गरेको केन्द्रका निर्देशक डा रवि मल्ल बताउँछन् । मानिसहरु जाडोमा घरमै बसिरहने, शारीरिक अभ्यास नगर्ने, बिहानी हिँडाइमा पनि नजाने जस्ता क्रियाकलापले नगर्दा मुटुमा समस्या आउने गर्दछ । यस्तै जाडोयाममा चुरोट तथा मादकपदार्थ सेवन गर्नाले पनि हृदयाघात हुने सम्भावना हुने गर्दछ। उनले जाडोमा नसा खुम्चिने गर्नाले रगतको आपूर्ति मुटुमा सहज नहुँदा पनि हृदयाघात हुने खतरा बढी हुने गरेको बताउँछन्।

**हृदयाघात कसरी हुन्छ ?**

मुटुलाई काम गर्नका लागि अक्सिजन आवश्यक पर्छ जुन रगतले दिने गर्छ । मुटुमा रगत आपूर्ति गर्ने नसा हुन्छ जसबाट रगत मुटुमा आउने गर्छ। रगत आपूर्ति बन्द भयो भने हृदयाघात हुन्छ । उमेर बढ्दै जाँदा मुटुको रक्तसञ्चार गर्ने नली साँघुरिँदै जाने र पछि बन्द भई मुटु बन्द हुने गर्छ।

अहिले नली साँघुरिँदै जाने र मुटु बन्द भएर हुने हृदयाघात धेरै हुने गरेको छ । रगतको आपूर्ति सबै बन्द भएपछि मानिसको छाती दुख्न थाल्छ । धेरैजसो मानिस छाती दुखेपनि घरमै बस्छन्। अनि ढिला आउँछन् । रगतको आपूर्ति बन्द हुनाका साथै निरन्तर छाती दुखेपछि मुटुको मासु मर्ने गर्छ। मासु मरेपछि मुटुले काम गर्न छाड्छ र मानिसको ज्यान जान्छ ।रासस

# पाथीभरा क्षेत्रमा केबलकार निर्माण रोक्न नेता महतोको माग



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले ताप्लेजुङको पाथीभरा क्षेत्रमा केबलकार निर्माणको विरोधमा उत्रिएको समूहमाथि प्रहरीले दमन गरेको भन्दै विरोध जनाएका छन् । कुनै पनि प्रकारको विकास स्थानीय समुदायको सहमति र सांस्कृतिक मूल्यको संरक्षण विना हुन नसक्ने भन्दै महतोले सो क्षेत्रमा केबलकार बनाउने योजना खारेज गर्न माग गरेका छन् ।

ताप्लेजुङको फुङलिङ नगरपालिका– ११ पाथीभरा क्षेत्रमा केबलकार निर्माणको विरोध गर्ने स्थानीय युवा र प्रहरीबीच झडप भएको थियो । स्थिति नियन्त्रणमा लिने क्रममा प्रहरीको गोली लागेर चार जना प्रदर्शनकारी घाइते भएका छन् । प्रहरीतर्फ पनि केही घाइते छन् । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले आइतबार विज्ञप्ती निकालेर प्रहरीले दमन गरेको भन्दै भत्र्सना गरेका छन् । साथै उनले घाइतेहरुको शीघ्र उपचार र न्याय सुनिश्चित गर्न तथा आन्दोलनरत नागरिकहरूसँग वार्ता र संवाद मार्फत समस्या समाधान गर्न पनि माग गरेका छन् ।

# दुई मुख्य दलबीचको सहकार्य मजबुत छः पोखरेल




**मधेशदृष्टि**
**महोत्तरी ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले वर्तमान सरकार सञ्चालनमा दुई मुख्य दलबीचको सहकार्य मजबुत रहेको बताएका छन् । मुलुकका दुई मुख्य दल नेपाली कांग्रेस र नेकपा एमालेबीच सरकार सञ्चालनका विषयमा आपसी सहमति र विश्वासमा अघि बढिएको उनले स्पष्ट पारे । बर्दिबासमा प्रेस चौतारी नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा महासचिव पोखरेलले राजनीतिक अस्थिरता चिर्न दुई मुख्य दलबीचको सहमति मुलुकको समृद्धि र विकासका लागि भएको उल्लेख गरे ।

'हामीबीच कुनै अलमल वा जालझेल केही छैनन्, हामी दुवै दलले स्पष्टताका साथ यो अहिलेको प्रतिनिधिसभाको कार्यकालभरि स्थिर सरकार दिने वाचा गरेका छौँ', पोखरेलले भने, 'सबैले स्पष्ट भए हुन्छ, हामी त्यसैअनुरुप अघि बढेका छौँ ।' पछिल्लो पटक वर्तमान सरकार बनेयता आम जनतामा स्थिर सरकार बनेको अनुभूति भएको उनको भनाइ छ । यसले आर्थिक सूचकहरुमा क्रमशः सकारात्मक सुधार देखाएको उनले बताए । महासचिव पोखरेलले मुलुकको समृद्धि र विकासका लागि अब हुने निर्वाचनमा कुनै एक दलको स्पष्ट बहुमतको सरकार बन्नुपर्ने उल्लेख गरे ।

यसै अभिभाराबाट निर्देशित भएर आफ्नो दल 'मिसन–२०८४' अभियानमा लागेको पोखरेलको भनाइ छ । विसं २०८४ को निर्वाचनमा एमाले स्पष्ट बहुमतका साथ सरकार सञ्चालन गर्ने दृढ सङ्कल्प लिएर अघि बढेको उनले बताए । 'मुलुकको समृद्धिको सपना एमालेले देखेको छ, मधेस भन्नोस् वा पहाड र हिमाल', पोखरेल भन्छन्, 'सबै क्षेत्रको सन्तुलित विकास एमाले नेतृत्वमै सम्भव छ ।' अहिले मुख्य विपक्षी दलका नेताले वर्तमान सरकार अप्राकृतिक बनेको भन्दै हिँडेको सन्दर्भ जोड्दै पोखरेलले बढी मत पाउने मुख्य दल मिलेर बनेको सरकार अप्राकृतिक भन्नु सत्ताबाट बाहिरिनु परेको छटपटीमात्र भएको आरोप लगाए । उनले एमाले नेतृत्वको सरकारले नै मधेशका सडक फराकिला बनाउने र मधेशलाई हराभरा बनाउन सुनकोसी मरिन डाइभर्सनको काम अघि बढाएको उल्लेख गरे । मधेशी जनतामा अब आफ्नो विकास एमाले नेतृत्वमै हुनसक्ने विश्वास बढ्दै गएको प्रमाण यहाँको प्रदेशसभामा सबैभन्दा ठूलो दल बन्नु पर्याप्त भएको उनको भनाइ छ ।

महासचिव पोखरेलले मधेशको शिक्षा तन्दुरुस्त गर्न आवश्यक रहेको र यहाँका प्राकृतिक सम्पदाको अनियन्त्रित दोहन रोक्न अपरिहार्य बनेको उल्लेख गरे । प्राकृतिक सम्पदाको अवैध दोहन रोक्न जनताको प्रतिरोधका लागि उनले आह्वान गरे । कार्यक्रममा एमालेका केन्द्रीय सङ्गठन विभागका प्रमुख काशीनाथ अधिकारी, मधेश इञ्चार्ज लीलानाथ श्रेष्ठ, पोलिटब्युरो सदस्यद्वय सुमनराज प्याकुरेल र ज्वाला साह एवम् मधेश प्रदेशका अध्यक्ष चन्द्रेश्वर मण्डलसहितको उपस्थिति रहेको थियो । एमाले मधेश प्रदेशले आइतबार पार्टीको तीनमहिने सङ्गठन सुदृढीकरण अभियानको प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम शुरु गर्दैछ । सो कार्यक्रममा प्रदेशभित्रका केन्द्रीय कमिटी र निकायका सबै सदस्य, प्रदेश कमिटीका सदस्य र प्रदेशभित्रका सबै जिल्लाका अध्यक्ष तथा सचिवको सहभागिता रहने एमालेका प्रदेश अध्यक्ष मण्डलले जानकारी दिए ।

# सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ

**मधेशदृष्टि**
**महेन्द्रनगर ।**
जनकपुरलगायत धनुषाको विभिन्न ठाउँमा सरस्वती पूजा नजिकिँदै गर्दा यहाँका मूर्तिकारलाई सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ छ । अरुबेला फुर्सदमै रहने मूर्तिकारलाई नजिकिँदो सरस्वती पूजाले व्यस्त बनाएको हो । यस वर्षको सरस्वती पूजा यही माघ २१ गते परेको छ । सोही पूजालाई लक्षित गरी मूर्ति बनाउन मूर्तिकार व्यस्त भएका हुन् । पूजामा प्रयोग गरिने मूर्तिको बिक्रीबाट अर्थोपार्जन गर्ने उद्देश्यले माटोबाट सरस्वतीको प्रतिमा बनाउन थालिएको मूर्तिकार चन्द्रदेव पण्डितले बताउँछन् । धनुषाको तिनकौरीया चोक, यदुकोहा बजार, सबैला बजार, भठियन, वीरेन्द्रबजार, गोदार, ढल्केवर, महेन्द्रनगर, सपही चोक, लक्ष्मीनिया बजार, तरापट्टी बजार, धनुषाधाम, धरापानी, कुर्था बजार, जनकपुरधामको मुजेलिया, क्याम्पस चोक, विद्यापति चोक शुक्रबारी हटिया, भुतही पोखरी डिल, बिन्दही, महुवालगायतका मूर्तिकार सरस्वतीको मूर्ति बनाउन व्यस्त देखिएका छन् । मूर्तिकार रामकुमार मण्डलले यस वर्षका लागि ३५ वटा मूर्ति बनाइसकेका छन् । उनीसँग प्रतिगोटा तीन हजारदेखि १५ हजार रुपैयाँसम्मका मूर्ति छन् । मूर्तिकार रामनारायण पण्डितले ३५ वर्षदेखि मूर्ति बनाउदै आएका छन् । 'आवश्यकताअनुसार ठाउँठाउँमा पुगेर मूर्ति बनाउँदै आइरहेको छु', उनले भने । मूर्तिकार चन्द्रदेव पण्डितको मुख्य पेसा नै मूर्ति बनाउने हो । सरस्वती पूजाका लागि पाँच हजारदेखि ३० हजार रुपैयाँसम्मका मूर्ति बनाएर बिक्री गर्ने बताए । सरस्वतीको एउटा मूर्ति तयार गर्न करिब चार जनालाई पाँचदेखि १० दिनसम्म लाग्ने उनीहरूको भनाइ छ । कतिपय मूर्तिकारले स्थानीयलाई रोजगारी पनि दिएका छन् ।

माटो, काठ, रङ, कपडा तथा परालबाट मूर्ति बनाइन्छ । विशेषगरी सरस्वती पूजाका लागि बनाइएका मूर्ति त्यस दिन विद्यालय तथा घरमा लगी विद्यार्थी एवम् साधकहरूले पूजा गर्ने गर्दछन् । हिन्दू परम्पराअनुसार माता सरस्वतीको पूजा गर्न अधिकांश सामुदायिक, निजी विद्यालय तथा शैक्षिक सङ्घ संस्थाले मूर्ति नै स्थापना गरी पूजाअर्चना गर्ने गर्दछ । सरस्वती पूजा धार्मिक परम्परा भए पनि त्यसभित्र ठूलो व्यवसाय रहेको मूर्तिकार बताउँछ । यो समयमा मूर्तिबाट राम्रो आम्दानी लिने गरेको धनुषाका मूर्तिकार पन्चा पण्डित बताउँछन् । सरस्वती पूजाको अवधिभरमा करिब एक लाख ५० हजारभन्दा बढीसम्मको आम्दानी गर्ने गरेको उनले बताए । आफूले आकर्षक मूर्ति बनाउने गरेका कारण अहिले विभिन्न विद्यालयबाट अर्डर आएको उनको भनाइ छ । विशेषगरी दुर्गापूजा, विश्वकर्मापूजा, कृष्णजन्माष्टमी र सरस्वती पूजाको समयमा मूर्तिको माग हुने गर्दछ ।

**धमाधम मूर्ति बनाउँदै**

सरस्वती पूजा नजिकिँदै जाँदा जिल्लाको विभिन्न स्थानमा मूर्तिकारहरू धमाधम मूर्ति बनाउन थालेका छन् । दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीमा अवस्थित सबै सामुदायिक तथा निजी विद्यालय, कोचिङ सेन्टर, ट्युशन सेन्टर, क्लब, पुस्तकालयसहित गाउँ तथा नगरका विभिन्न चोकचोकमा सरस्वती पूजाका लागि मूर्तिकारलाई मूर्ति बनाउन भ्याइनभ्याई छ । आफ्नो चार पुस्तादेखि मूर्ति बनाउने पेसा चल्दै आएको एकडारा गाउँपालिका–५ का मूर्तिकार सुभाष पण्डितले सरस्वती पूजाका बेला अत्यधिक मूर्तिको माग हुने गरेको कारण अहिले सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याई भएको छ । त्यस्तै पूजाको अब १० दिन मात्र बाँकी हुँदा औरही नगरपालिका–२ का कैलाश रामलाई पनि मूर्ति बनाउन भ्याइनभ्याई भएको बताउँछन् । सरस्वतीको मूर्ति बनाउनमै व्यस्त जलेश्वर नगरपालिका–२ का विकाऊ पासवान पनि अहिले मूर्ति बनाउन भ्याइनभ्याइ भएको बताउँछन् । मूर्ति बनाउन चाहिने माटो, खर (पराल, भुस) र¬ङ, जुटलगायत वस्तुको जोहो गर्नु, घामपानी र वातावरणअनुसार मूर्ति बनाउनु जस्ता क्रियाकलाप गर्नुपर्ने भएकाले मूर्तिकारलाई अहिले भ्याइनभ्याई भएको उनीहरू बताउँछन् ।

'घाम उदाएपछि मात्रै मूर्ति सुक्ने र मूर्ति सुकेपछि मात्रै राम्ररी रङ्ग रोगन गर्न मिल्ने भएकाले जति बढी घाम उदाउँछ, त्यति नै बढी मूर्ति तयार गर्नु पर्छ', मूर्तिकार पण्डितले बताए । उनले आफू र आफ्ना बुवा शम्भु पण्डित मिलेर प्रत्येक वर्ष ५० हजार रुपैयाँभन्दा बढीका सरस्वती मूर्ति बनाउने गरेको बताए । साथै मौसमले साथ दिएमा ७०÷७५ सम्म पनि मूर्ति बनाएर बेच्ने गरेको उनको भनाइ छ ।

त्यसैगरी मूर्तिकार कैलाश पनि आफू तथा आफ्ना परिवारका सदस्य मिलेर वर्षेनी ६०÷७० वटा मूर्ति बनाउने गरेको बताउँछन् । उनले वर्षेनी २५ भन्दा बढी मूर्ति बनाउने गरेको बताए । आफ्नो क्षमता र साधन श्रोतले तयार गर्ने संख्याका अनुसार उनीहरुको आम्दानी पनि फरक फरक हुने गरेको छ । यसरी तयार गरेका मूर्तिहरु दुई हजारदेखि ७ हजार रुपैयाँसम्ममा बेचेर वार्षिक दुई लाख जति आम्दानी गर्ने गरेको पण्डितले बताए । मूर्तिकार कैलाशले आफूले प्रतिगोटा तीन हजारदेखि १० हजार रुपैयाँसम्ममा मूर्ति बेचेरै वार्षिक तीन लाख ५० हजार रुपैयाँ आम्दानी गर्ने गरेको बताए । दिनानुदिन बढ्दै गएको मूर्तिको मागले यहाँका मूर्तिकारलाई सरस्वती पूजाको बेला दिनरात काम गर्नुपर्ने र मौसमअनुसार मूर्ति तयार गर्नुपर्ने चुनौती रहने गरेको छ । जिल्लाका मूर्तिकारले प्रत्येक वर्ष सरस्वतीको मूर्तिका साथै अन्य पूजा जस्तै गणेश, विश्वकर्मा, काली, दुर्गा पूजाका लागि पनि मूर्ति निर्माण गर्ने गरेका छन् । जिल्लामा पहिला पहिला पण्डित (कुमाले) जातिले मात्र मूर्ति बनाउने गरेकामा अहिले विभिन्न जातिका व्यक्तिले मूर्ति निर्माणलाई व्यावसायिक रुप दिएर विभिन्न जातजाति संलग्न रहेको पाइन्छ । यस वर्ष माघ २१ गते देशभरि श्रीपञ्चमी तथा सरस्वती पूजा मनाइँदै छ ।



# हिरासतबाट भागेका थुनुवा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको सिमरास्थित ईलाका प्रहरी कार्यालयको प्रहरी हिरासतबाट फरार भएका एक थुनुवालाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले उनलाई आइतबार साँझ सिमराबाट नियन्त्रणमा लिएको हो ।

बाराका प्रहरी प्रवक्ता प्रकाश सापकोटाले हिरासतबाट फरार थुनुवा महेश चौधरीलाई नियन्त्रणमा लिइएको बताए ।

घटनाको विषयमा प्रहरीले केही बेरमा जानकारी गराउने प्रवक्ता सापकोटाले बताए । चौधरी अभद्र मुद्दाको अनुसन्धानको क्रममा माघ ९ गतेदेखी ईलाका प्रहरी कार्यालय सिमराको हिरासतमा थिए । आइतबार दिउँसो थुनुवा कक्षको फोहोर फ्याँक्न निस्किने क्रममा चौधरी फरार भएका थिए ।

# तीन महिनामा ६ जनाद्वारा नागरिकता परित्याग

**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो तीन महिनामा पर्सा जिल्लामा ६ जनाले नेपाली नागरिकता परित्याग गरेका छन् ।

चालू आर्थिक वर्षको पहिलो ६ महिनामा कुल १२ जनाले नेपाली नागरिकता परित्याग गरेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । कार्तिक, मंसिर र पुस महिनामा दुई÷दुई जना गरी ६ जनाले नागरिकता परित्याग गरेका हुन् । यो संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा थोरै बढी हो, जब पाँच जनाले नागरिकता परित्याग गरेका थिए ।

चालू आवको साउन महिनामा चार जना, भदौ र असोजमा एक÷एक जनाले नागरिकता परित्याग गरेका छन् । प्रशासनका अनुसार, विदेशमा बसोबास गर्ने उद्देश्यले नेपाली नागरिकता परित्याग गर्ने प्रवृत्ति बढ्दो छ । त्यस्तै, तीन महिनाको अवधिमा पर्साबाट नयाँ नेपाली नागरिकता लिनेहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ । जिल्ला प्रशासन कार्यालय पर्साले जानकारी दिएअनुसार, चालू आर्थिक वर्षको पहिलो छ महिनामा २,९०० जनाले नयाँ नागरिकता लिएका छन् भने २,०७९ जनाले नागरिकताको प्रतिलिपि लिएका छन् ।

बिहान ५ बजे नै पिडिएफ उपलब्ध



मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।



मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन